व्यास नगरपालिकाको ३९ औं नगर सभामा प्रस्तावित

# आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

व्यास नगरपालिका
दमौली, तनहुँ,
गण्डकी प्रदेश, नेपाल
२०८० आषाढ १०

सम्पूर्ण नगर सदस्यज्यूहरु,

१. २०४८ साल चैत्र ३० गते स्थापना भएको तनहुँ जिल्ला कै पहिलो यस नगरपालिकामा हामीहरु आज उनन्चालिसौ नगर सभामा छौ । स्थानीय तहको पुनर्संरचना पछिको यो तेह्रौ नगर सभामा आर्थिक वर्ष २०८०।०८१ का लागि नगरपालिकाले अवलम्बन गर्ने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न पाउँदा गौरवको महशुस गरेका छु ।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शहिद वेपत्ता तथा घाइते परिवारप्रति उच्च सम्मान प्रकट गर्दै व्यास नगरपालिकाको स्थापना र विकास अभियानमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रज नेतृत्व तथा पूर्व जनप्रतिनिधिज्यूहरुको अमुल्य योगदान प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. आर्थिक वर्ष २०८०।०८१ का लागि व्यास नगरपालिकाले यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, विद्यमान राष्ट्रिय, प्रादेशिक, नगरपालिकाको एकीकृत विकास योजना र आवधिक योजनाले प्रत्याभूत गरेका स्थानीय नीतिहरु र संयुक्त राष्ट्र संघबाट उद्घोष भएका दिगो विकासका लक्ष्यहरु (SDG) को सिमा भित्र रही "विविधतायुक्त गाउँशहर, समृद्ध मेरो व्यास नगर" (Rural Urban Diversity, My Prosperous Vyas Municipality) भन्ने मुल नारालाई सार्थकता दिने गरी तयार गरिएको छ ।

४. संघीय गणतन्त्र स्थापना पश्चात् सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरुको ६ वर्षको अवधि बितिसकेको छ । यस ६ वर्षको अवधिमा गत २०७७ चैत्र ३० गतेदेखि प्रारम्भ गरिएको यस नगरपालिकाको स्थापना दिवसहरुमा विगतका सम्पूर्ण गतिविधिहरु प्रकाशन गरिएको छ । प्रारम्भमा ५९ वर्ग कि.मी. रहेको यस नगरपालिका २०७१ सालपछि ८६.५७ वर्ग कि.मी. र स्थानीय तहको पुनर्संरचना पछि करिब ३ गुणा बढ्न गई २४८ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । आर्थिक, भौगोलिक, सामाजिक, साँस्कृतिक दृष्टिकोणले विविधता युक्त नगरपालिकाको रुपमा परिचित यस नगरपालिकाले आफ्ना श्रोत र सिमाहरुमा रही कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, लगायत पूर्वाधार निर्माणका कार्यहरु गरिँदै आएको छ ।

६. माथि उल्लेखित आधारहरुमा व्यास नगरपालिकाले नगरवासीको हितमा काम गर्दागर्दै केही बाधा व्यवधानहरु आइरहेको विदितै छ, कहिले कोभिड १९ को प्रभाव त ? यसवर्ष आर्थिक मन्दीको प्रभाव नगरपालिकालाई पनि परेको छ । यस आ.व. २०८० जेठ मसान्तसम्म उपभोक्ता समिति मार्फत गरिने भनिएका कुल १२५५, ठेक्का मार्फत गरिने ६० योजनाहरु समेत जम्मा १३१५ योजनाहरुमा सम्पन्न भएका ८१९, सम्झौता भएका ४०९, सम्झौता नभएका ८४, टेण्डर सूचनामा गएको ३ योजनाहरु रहेका छन् । यसरी हेर्दा कुल ६२ प्रतिशत योजनाहरु सम्पन्न भएका र ३१ प्रतिशत योजनाहरु सम्झौतामा गई कार्य भइरहेका छन् । कुल रु.१ अरब ७१ करोड ४७ लाख ५४ हजार को प्रस्तावित बजेटमा २०८० जेठ मसान्तसम्म जम्मा रु.९३ करोड ८१ लाख ९१ हजार ९ सय ६२ खर्च हुन आएको छ । जसमध्ये चालु खर्च ६३ करोड ५४ लाख ४१ हजार ७ सय ३१ भएको छ भने पूँजीगत खर्च ३० करोड २७ लाख ५० हजार २ सय ३१ भएको छ ।

७. व्यास नगरपालिकाको मुख्य भवनमा तला थप, पुराना गा.वि.स. भवनमा रहेको वडा नं.६, १३ र १४ को वडा भवन निर्माण कार्य भइरहेको छ । जग्गाको कारणले निर्माण हुन बाँकी वडा नं.३ र ८ को भवन निर्माण प्रक्रियालाई प्राथमिकतामा राखेर कार्य अघि बढाइने छ । वडा नं.१, २, ४, ५, ७, ९, १०, ११, १२ का वडा भवनहरुको विस्तारका लागि माग भइरहेकोले सो सम्बन्धमा क्रमश गरिने छ ।

८. आ.व. २०७७।०७८ मा व्यास नगरपालिका अन्तर्गत संघीय सरकारको विशेष योजना अन्तर्गत व्यास १० को देवीडाँडा खानेपानी आयोजना, व्यास १३ को कमेरेसाँध खानेपानी आयोजना, गण्डकी प्रदेश सरकारसँगको सहयोगमा व्यास ११ घाँसीकुवा नजिक शितभण्डार निर्माण कार्य करिब सम्पन्न भएका छन् । संघीय सरकारको सहयोगमा व्यास ३ शिव पाञ्चायन मन्दिर क्षेत्रमा व्यासको १०८ फिट मूर्ति निर्माण, प्रदेश सरकार

समेतको सहयोगमा व्यास १० दुम्सीचौरमा नारेश्वर ताल निर्माणाधीन अवस्थामा रहेको छ । आ.व.२०७९।०८० को संघीय सरकारसँगको सहकार्यमा व्यास ११ को खड्गकाली मार्ग विस्तार, व्यास १ र २ जोड्ने करंडकाठ पुल निर्माण कार्य अघि बढाइएको छ भने संघीय सरकारको विशेष अनुदानमा व्यास ५ मानहुँमा खानेपानी योजना र व्यास १४ केशवटारमा गजौडी मुलबाट खानेपानी योजना निर्माणका लागि टेण्डर प्रक्रिया अघि बढाइएको छ । व्यास १३ र १४ को दमौली केशवटार मार्ग प्रदेश सरकारसँगको सहलगानीमा निर्माण प्रक्रिया अघि बढिरहेको छ । संघ र प्रदेश सरकारको लगानीमा कालिका मार्ग लगायत शहरी सडकहरु निर्माण भइरहेका छन् ।

९. संघीय शहरी विकास मन्त्रालयसँग सम्झौता भई विश्व बैंकको सहयोगमा निर्माण प्रस्ताव गरिएको घाँसीकुवा-फराकचौर-पोखेलफाँट-माझफाँट-कलेस्ती को "पराशर मार्ग", पतेनीटार-मादीवेशी-शेषटार-शिशाघाट जोड्ने "माहेन्द्री मार्ग", केशवटार-कुलुङ, छाब्दी-कुलुङ-छिर्कने जोड्ने मार्ग मध्ये पहिलो प्राथमिकतामा पराशर मार्गको निर्माण प्रकृया अघि बढेको, नगर विकास कोषसँगको ऋण सहभागितामा नगरपालिकाको अण्डरग्राउण्ड पार्किङ सहितको बहुउद्देश्यीय भवन, व्यास १० बैरेनीमा जग्गा विकास आयोजना निर्माण चरणमा प्रवेश गरेको र मानहुँकोट, शिशाघाटमा शहरी विकासका आयोजना अघि बढाउन सहकार्य भइरहेको छ ।

१०. व्यास नगरपालिका अन्तर्गत सुरक्षित आप्रवासन कार्यक्रम (सामी), उद्यम विकास कार्यक्रम (मेड्पा) बाट कयौं उद्यमशीलता विकास भइरहेको छ । वैदेशिक रोजगारीबाट फर्किएका उद्यमशील व्यवसायी र १२ कक्षासम्म उत्तीर्ण शैक्षिक वेरोजगार महिलाहरुलाई सानो अंशमा भनेपनि उद्यमशीलता अनुदान वितरण गरिएको छ । साथै यस वर्ष वडा नं.५ मा मकैको भुत्ला, वडा नं.११ र १३ मा थाकलको टोपी झोला बुन्ने १ महिने प्रशिक्षण सम्पन्न गरी सामग्री उत्पादन र बिक्री प्रकृया अघि बढिसकेको छ ।

११. व्यास नगरपालिकाको भू-उपयोग नीति निर्माण गरी वस्ती विकास लगायतका विविध पक्षमा नगरपालिकाले योजनाबद्ध विकास गर्न भू-उपयोग नीति तयार गर्ने कार्यमा राष्ट्रिय भूकम्प परिषद् (NSET) सँग सहकार्य भइरहेको छ ।

१२. व्यास नगरपालिकाले नगरको फोहोर मैला व्यवस्थापनका स्थायी समाधान निकाल्न प्रयत्न गरिरहेको छ । यस वर्ष विभिन्न प्रस्तावित जग्गाहरु खरिद गर्ने प्रयास गरिरहेको छ । अनेक बाधा व्यवधानहरुलाई छिचोल्दै नकुहिने फोहोर व्यास १३ को सुढेमा बिसर्जन गरिदैं आएकोमा हाल व्यास ३ भतेरीको तटबन्धन गरिएको खाडलमा बिसर्जन गरिएको छ भने कुहिने फोहोरलाई व्यास १० स्थित गौसंरक्षण केन्द्रमा बिसर्जन गरिदैं आएको छ । गौसंरक्षण केन्द्रको मल र कुहिने फोहोरबाट बायोग्याँस उत्पादन गरिएको छ । व्यास ३ देउराली नगरमा बधस्थल र नगरपालिका कार्यालयसँग जोडिएको मासु पसलहरुलाई व्यवस्थित एवं विस्तारित गरिएको छ ।

१३. खेलकुदका माध्यमद्वारा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ शहिद दिवसको सन्दर्भमा मानहुँ-पुलिमऱ्याङ छैटौं खुल्ला अल्ट्रा म्याराथन प्रतियोगिता र नारी दिवसका दिन व्यास गुफा-तनहुँशुर तेस्रो महिला हाफ म्याराथन प्रतियोगिता सम्पन्न भएको छ भने अन्य खेलकुद क्षेत्रको विकासका लागि अन्तर माध्यमिक रनिङ शिल्ड प्रतियोगिता, मेयर कप, उपमेयर कप छात्रछात्रा अन्तर मा.वि. भलिवल, मेयर कप व्याडमिन्टन, मेयर कप कराँते प्रतियोगिता जस्ता प्रतियोगिताहरु सम्पन्न गरिएका छन् ।

१४. व्यास नगरपालिका अन्तर्गतको न्यायिक समितिमा परेका गतवर्षका विवादहरु र यसवर्ष आएका विवादहरुलाई मेलमिलापका माध्यमबाट समाधान गरिदै आएको छ ।

१५. व्यास नगरपालिकालाई पारदर्शी, जनउत्तरदायी बनाउन सञ्चार क्षेत्रको महत्वपूर्ण भूमिकालाई मनन गरी सञ्चार क्षेत्रको प्रवर्द्धन र विकासका लागि सम्बन्धित क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरी विभिन्न गतिविधिहरु सञ्चालन भइरहेका छन् ।

१६. व्यास नगरपालिकाले जि.पि.एम. (GPM) र यु.सि.एल.जी. एस्पैक (UCLG ASPAC) जस्ता अन्तरार्ष्ट्रिय संघ संस्थाहरुसँगको सदस्यतालाई निरन्तरता दिंदै आइ.सि.एल.ई.आई. (International Council for Local

Environmental Initiatives), लिग अफ हिस्टोरिकल सिटी (League of Historical Cities) लगायतका संस्थासँग आवद्धता अघि बढाई व्यास नगरपालिकालाई अन्तरार्ष्ट्रिय क्षेत्रमा परिचित गराउने अभियानलाई निरन्तरता दिइएको छ ।

व्यास नगरपालिकाको स्थापनाकालदेखि नगरपालिकाले हासिल गरेका महत्वपूर्ण उपलब्धिहरुको जगमा रही राज्य पुनसंरचना पछि दोस्रो कार्यकालका लागि निर्वाचित हामी जनप्रतिनिधिहरुले विगतका कामको समीक्षा गर्दै नगरपालिका प्रति अत्यधिक नगरवासीको भरोषालाई ध्यानमा राखी कानुनी र श्रोतगत सिमाहरुलाई मध्यनजर दिई आगामी आ.व. २०८०।०८१ मा व्यास नगरपालिकाले लिने नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**कृषि क्षेत्र :**

१७. व्यास नगरपालिकाले निर्माण गरेको एकीकृत शहरी विकास योजना र आवधिक योजना समेतले अग्रणी क्षेत्रमा प्राथमिकीकरण गरेको कृषि क्षेत्रको विकास एवं व्यवसायीकरणका लागि नगरपालिकाले विशेष कार्यक्रम ल्याउने छ ।

१८. व्यास नगरपालिका क्षेत्रभित्र रहेका निजी तथा सार्वजनिक खाली जमिनको उत्पादनशील उर्जालाई खेर जान नदिन र कृषि योग्य भूमिको पूर्ण उपयोग गरी कृषि उत्पादनलाई बढवा गर्दै लैजाने नीति लिइने छ । जैविक खेती प्रणालीमा जोड दिई तत्काल आवश्यक पर्ने रासायनिक मल, गड्यौला मल, प्राङ्गारिक मल तथा उन्नत बिउको आपूर्ति एवं वितरण र सिंचाई क्षेत्रको विकास एवं विस्तार गरिने छ ।

१९. व्यास नगरपालिकाले कृषि क्षेत्रमा आधुनिकीकरण, यान्त्रीकीकरण र विशिष्टीकरण गर्दै स्थानीय स्तरको उत्पादन बृद्धिमा जोड दिइने छ । प्रदेश सरकारसँगको सहकार्यमा निर्माण भएको शित भण्डारलाई कृषि उत्पादन, फलफूल, तरकारीलाई सुरक्षित राखी नगरपालिकाको आपूर्ति व्यवस्थालाई सहजीकरण गर्न सञ्चालनमा ल्याइने छ ।

२०. कृषि क्षेत्रको उत्पादनलाई बजारीकरण गर्न बजार क्षेत्र बाहेकका वडामा न्यूनतम १ संकलन केन्द्र र दमौली बजार क्षेत्रमा किसानहरुको उत्पादनको बिक्रीका लागि "किसान बजार" को व्यवस्था मिलाइने छ ।

२१. कृषि उपज बिक्री वितरणका लागि दमौलीमा परम्परागत रुपमा सञ्चालन हुने गरेका बुधवारे हाट बजार र माघे सक्रान्तिमा लाग्ने मेलालाई सञ्चालनमा ल्याइने छ । वडाका व्यवसायिक केन्द्रहरुमा वडा समितिको समन्वयमा पशु, कृषि हाट बजारको व्यवस्था मिलाइने छ । साथै उत्कृष्ट व्यवसायी किसानहरुलाई पुरस्कृत गरिने छ ।

२२. स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न, फलफूल, तरकारी वालीहरु, पशुपंक्षी पालन तथा मत्स्य पालनको पञ्जीकरण, अनुसन्धान, प्रवर्द्धन र बजारीकरणमा सहयोग पुऱ्याइने छ । त्यसका लागि आवश्यक सडक, विद्युत, सिंचाई, सङ्कलन एवं बिक्री केन्द्र जस्ता आधारभूत पूर्वाधारको विकास गरिने छ ।

२३. प्रदेश सरकारसँगको सहकार्यमा जग्गा चक्लाबन्दी कार्य अघि बढाइने छ । साथै मकै, धान, कोदो पकेट क्षेत्र एकिन गरी विशेष कार्यक्रम ल्याइने छ ।

२४. कृषि व्यवसायमा आवद्ध व्यवसायिक कृषकहरुलाई बिउ बिजन उपलब्ध गराउने र पशुपंक्षी पालन व्यवसायमा रहेका कृषकहरुलाई उपलब्ध गराउँदै आएको अनुदान जस्ता जनमुखी कार्यक्रमहरुलाई यस वर्ष पनि निरन्तरता दिइने छ । साना किसानहरुको सामुहिक खेती गर्ने अभ्यासलाई प्रोत्साहन गरिने छ ।

२५. व्यास नगरपालिकाको भू-धरातल, जलवायू र जैविक विविधताको अधिकत्तम उपयोग हुने गरी भू-उपयोग नीति एवं कार्यक्रम ल्याइने छ । सार्वजनिक वन क्षेत्र, सडक किनारा, नदी उकास र उपभोगहिन सार्वजनिक सरकारी जमिनमा फलफूल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ । निजी बाँझो जग्गा, खेतवारी, कान्ला, आलीमा दलहन, तरकारी, फलफूल र अन्य विरुवा लगाउन साथै शहरी क्षेत्रमा वैकल्पिक खेती प्रवर्द्धन गर्न प्रोत्साहन गरिने छ ।

२६. व्यवसायिक बाखा पालन, माछा पालन, मौरी पालन, स्थानीय जातको गाइभैंसी, बंगुर र कुखुरा तथा अन्य पशुपंक्षी पालन कार्यमा सहयोग पुऱ्याई पशुपंक्षी बजार प्रवर्द्धन गर्ने कार्य अघि बढाइने छ ।

२७. नगरपालिमा सङ्कलन हुने कुहिने फोहोर मैला र व्यास १० स्थित दुम्सी बजार मादी नदी किनारमा रहेको गौ संरक्षण केन्द्रबाट उत्पादन हुने गोवर समेतको समिश्रणबाट र व्यास ३ देउराली नगरको वधस्थलबाट बायोग्याँस तथा प्राङ्गारिक मल उत्पादन गरी कृषकहरुलाई वितरण गर्ने व्यवस्था मिलाइने छ ।

२८. व्यास नगरपालिका वडा नं.१० पोखेलफाँटमा रहेको गोवर्धन शर्मा कृषि अनुसन्धान केन्द्रलाई नमूना प्राङ्गारिक खेती प्रणालीको अध्ययन अनुसन्धान केन्द्रको रुपमा विकास गर्न संघीय र प्रदेश सरकारका कृषि विज्ञहरुसँग समन्वय गरिने छ ।

२९. नगरपालिका भित्रका स्थानीय जातका फलफूल जस्तै बयर, ऐसेलु लगायतका फलफूलहरु, स्थानीय जातका रैथाने मास, पिंडालु, तरुल आदिको संरक्षण गर्दै यसको उत्पादन एवं बजारीकरण गर्ने कार्यमा वडासँग समन्वय गरी कार्यक्रम अघि बढाइने छ ।

३०. व्यास नगरपालिका भित्र कृषि व्यवसायका लागि माटो परीक्षण गरी कृषि सम्बन्धी गुरुयोजना निर्माण गरी लागू गरिने छ । साथै व्यास नगरपालिका भित्र आलु लगायतको पकेट क्षेत्र निर्धारण गरी उत्पादनमा लाग्ने किसानहरुलाई अनुदानको व्यवस्था मिलाइने छ ।

३१. एक वडा एक फलफूल, पुष्प खेती तथा तरकारी नर्सरीको स्थापनामा जोड दिई व्यवसायी प्रवर्द्धनमा सहयोग पुऱ्याइने छ । ड्रागन फ्रुटस् (Fruits), एभोकार्डा (Avocado) लगायतका फलफूलका विरुवाहरु वितरण गरिने छ । साथै फलफूलका विरुवाहरु उत्पादनमा आत्म निर्भरता स्थापित गर्न आवश्यक कार्य गरिने छ ।

३२. व्यास नगरमा कृषि व्यवसायीलाई व्यवस्थित, मऱ्यादित गर्न कृषि उद्यमशीलता विकास गरी कृषकहरुको जिविकोपार्जनमा सुधार ल्याउन सम्बद्ध कृषकहरुलाई व्यवसायिक प्रशिक्षण एवं अनुभव आदान प्रदान गर्न कृषि विज्ञहरु सम्मिलित "व्यास नगर कृषि समन्वय समिति" गठन गरिने छ ।

३३. व्यवसायिक कृषकहरुको तथ्यांक लिई विभिन्न संस्थाहरुसँग समन्वय गरी सहुलियत दरमा कृषि ऋण एवं कृषि बिमा गर्ने कार्यमा सहजीकरण गरिने छ । साथै व्यवसायिक कृषकहरुलाई कृषि एवं पशु प्राविधिक सेवा प्रदान गरिने छ ।

३४. हिंस्रक वन्यजन्तु, बाघ, भालु, बाँदर नियन्त्रणका लागि सम्बन्धित निकायसँग सहजीकरण गरी आवश्यक सुरक्षा र खेतीबाली संरक्षणको व्यवस्था मिलाइने छ । सामुदायिक वन उपभोक्ता समितिसँग समन्वय गरी बाँदर अनुकुल केरा, आँप, मेवा लगायतका विरुवा लगाउन सहजीकरण गरिने छ ।

३५. व्यास नगरपालिका भित्रको महिलाहरु सम्बद्ध कृषि सहकारीहरुका साथै अन्य सहकारीहरुको नियमन एवं प्रवर्द्धन गरिने छ । साथै किसानहरुको तथ्यांक लिई किसान परिचयपत्र क्रमशः वितरण गरिने छ ।

३६. अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहन गर्न वस्तुको प्रमाणीकरण गरी बजारीकरण गरिने छ ।

३७. नगरपालिकाको भौगोलिक अवस्था र पानीको श्रोतको आधारमा उपयुक्त सिंचाई प्रविधिका लागि सिंचाई गुरुयोजना निर्माण गरी लागू गरिने छ । साथै सिंचाईका निम्ति विद्युत आपूर्तिको सहज व्यवस्था मिलाउन संघ र प्रदेश सरकारसँग समन्वय गरी विद्युत महशुल छुट गराउने नीति लिइने छ ।

३८. सहकारी मार्फत बिक्री भएका दुध एवं खसीबोकामा अनुदान दिने नितिलाई निरन्तरता दिइने छ । आर्थिक अवस्थाको समीक्षा गर्दै दुधमा दिइएको उत्पादन अनुदानलाई बृद्धि गर्ने नीति लिइएको छ ।

**पर्यटन क्षेत्र :**

३९. यस नगरपालिकाले नगरको विकासमा पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखी धार्मिक, साँस्कृतिक, प्राकृतिक एवं ऐतिहासिक स्थलहरुको पहिचान गरी पर्यटन क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकासका लागि कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । पर्यटकीय पूर्वाधारको विकास गर्दा पुरातात्विक महत्वका धार्मिक,

साँस्कृतिक ऐतिहासिक मठमन्दिर, गुम्बा र गुफा लगायतका नगरवासीका मौलिक सँस्कृतिको संरक्षण र प्रवर्द्धन गरिने छ ।

४०. व्यास नगरपालिका भित्र रहेका व्यास जन्मभूमिमा महर्षि वेदव्यासको १०८ फिट अग्लो मूर्ति निर्माण, व्यास गुफा र पराशर ऋषिको तपोभूमि पराशर क्षेत्र जोड्ने पुलमा व्यास झुला निर्माण, ऐतिहासिक तनहुँशुर दरवार क्षेत्र, भगवती पानी, छाब्दी बराह, मानहुँ कोट, गलेखाम कोट, कालिका शहीद जंगल पार्क, क्यामिन कालिका, खड्कादेवी मन्दिर, अकला मन्दिर, कर्लुङ कोट, ॐ सिद्धेश्वरी राजापानी महादेव, छाङ्गा बाराही, देवीडाँडा पार्क, हत्तीगैह्रा गुफा, सितल गुफा, पोखरीभन्ज्याङ कालिका मन्दिर, रामथुम्की पार्क, बागभन्ज्याङ बाघ खोर, वेनीकोट भन्ज्याङ झाकी थान, हात्तीसुंढे जलवाराही लगायतका टाकुरा एवं मन्दिरहरुको संरक्षण एवं सम्वर्द्धन गरिने छ र "टाकुरा पर्यटन सञ्जाल" को विकास गरिने नीतिलाई निरन्तरता दिइने छ ।

४१. व्यास नगरपालिका भएर बग्ने (करिब १८ कि.मी.) मादी नदीको बहुउद्देश्यीय विकासका लागि व्यास मादी नदी एकीकृत विकास परियोजना अन्तर्गत पर्यटन प्रवर्द्धन र कृषि क्षेत्रमा विशेष कार्यक्रम ल्याइने छ । यस अन्तर्गत मादी नदीमा ताल निर्माण गरी जल विहारको आनन्द प्रदान गर्ने, प्याराग्लाइडिङलाई व्यास नगरपालिकामा भित्र्याई यस क्षेत्रको प्रवर्द्धन गर्न राष्ट्रिय, अन्तरार्ष्टिय र निजी क्षेत्रको सहयोगको वातावरण बनाइने छ । यस्को सम्भाव्यता अध्ययन गर्ने र सम्भाव्य स्थानमा आवश्यक पूर्वाधार तयार गरिने छ ।

४२. जीविकोपार्जन र रोजगारीको अवसर वृद्धि गर्न जल पर्यटन, कृषि पर्यटन, शैक्षिक पर्यटन, पर्या पर्यटन, धार्मिक पर्यटन, खेल पर्यटन, ग्रामिण पर्यटन, साँस्कृतिक एवं प्राकृतिक पर्यटन व्यवसायको विविधीकरण तथा विस्तारमा जोड दिइने नीतिलाई निरन्तरता दिइने छ । यसको लागि सम्भाव्यता अध्ययन गर्न निजी क्षेत्रसँग सहकार्य गरिने छ ।

४३. पर्यटकीय सेवामूलक पूर्वाधारहरुको विस्तार एवं सुधार कार्यक्रम ल्याइने छ । नगरपालिका भित्रका होटलहरु र होमस्टेलाई स्वच्छ तथा सफा सुग्घर राख्दै पर्यटनमैत्री बनाउन सहयोग प्रदान गरिने छ र प्राङ्गारिक कृषि उत्पादन र साना तथा घरेलु उत्पादनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धन गरिने छ ।

४४. व्यास १० दुम्सीचौरमा पर्यटकीय प्रवर्द्धनका लागि नारेश्वर ताल निर्माण कार्यलाई निरन्तरता दिइने छ । साथै हाल पृथ्वी राजमार्गको विस्तारले ऐतिहासिक घाँसीकुवा र घाँसी पार्कमा आएको संकटलाई सम्बद्ध पक्षहरुको सहकार्यमा व्यवस्थित गरिने छ ।

४५. व्यास नगर भित्रका सबै वडाहरुमा रहेका ऐतिहासिक र परम्परागत महत्वका स्मरणीय स्थानहरुको पहिचान गरी त्यसको प्रचार प्रसार र संरक्षण गरिने छ । साथै नगरपालिका भित्र "उद्योग पर्यटन श्रम तथा रोजगार शाखा" अन्तर्गत पर्यटन प्रवर्द्धन गर्नका लागि पर्यटन प्रवर्द्धन सूचना केन्द्र स्थापना गरिने छ । उक्त सूचना केन्द्रबाट नगरपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्न पथ प्रदर्शकको व्यवस्था गरिने छ ।

४६. तनहुँशुर क्षेत्रलाई केन्द्र विन्दुमा राखेर भानु शान्ति निकुञ्जबाट तयार पारिएको "पर्यटन गुरुयोजना" लाई क्रमशः कार्यान्वयन गर्दै लगिने छ र पर्यटन गुरुयोजनामा प्रस्ताव गरिएको १० वर्षे दीर्घकालीन सोच एवं अवधारणा अनुसार तात्कालीन, अल्पकालीन र मध्यकालीन कार्यक्रमलाई नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गरिने छ ।

४७. व्यास नगरपालिका भित्र पर्यटन जनशक्ति विकास, पर्यटन तथा वातावरण सचेतना कार्यक्रम, पर्यटन विकासका लागि नमूना परियोजनाहरु सञ्चालन, पर्यटन गन्तव्यहरु प्रवर्द्धन, परम्परागत मार्गहरुको मर्मत सम्भार र बजारीकरण, खोज अध्ययन अनुसन्धान तथा विस्तृत योजना निर्माणका कार्यक्रमहरु ल्याइने छ ।

**शिक्षा क्षेत्र :**

४८. व्यास नगरपालिकालाई शैक्षिक केन्द्र (HUB) का रुपमा विकास गर्नका लागि नगर शिक्षा योजना निर्माण गरी नगरपालिकामा रहेका क्याम्पस र विद्यालय स्तरका शिक्षालाई थप गुणस्तरीय र विश्वसनीय बनाइने छ ।

४९. व्यास नगरपालिका भित्र माध्यमिक तहसम्मको शिक्षा लिन कठिनाई परेका अनाथ, असहाय, विपन्न, शहिद, बेपत्ता, कोरोनाबाट मृत्यु भएका घर परिवारका बालबालिकाको शिक्षाका लागि व्यास ७ शेषमटारमा रहेको साविक क्यामिन छापथोक प्रा.वि.मा सञ्चालित "व्यास नगर समता विद्यालय" लाई निरन्तरता दिइने छ । समता विद्यालयलाई अन्य विद्यालयमा विस्तार गर्ने व्यवस्था मिलाइने छ ।

५०. व्यास नगरपालिकामा रहेको विशेष गरी महिला र विपन्न क्षेत्रका विद्यार्थीहरुले अध्ययन गर्ने एक मात्र सामुदायिक क्याम्पस आदिकवि भानुभक्त क्याम्पसको गुणस्तर सुधार एवं विश्वविद्यालय स्थापनाको पूर्वाधार निर्माण, विज्ञान र प्रविधिको अध्ययन व्यवस्थापनका लागि सहयोग पुऱ्याइने छ ।

५१. व्यास नगरपालिका भित्रका प्रा.वि., आधारभूत र माध्यमिक विद्यालयहरुमा प्रविधिमैत्री शैक्षिक वातावरण निर्माण गरिने छ भने व्यास १३ र १४ का सामुदायिक विद्यालयहरुमा SOS बालग्रामसँग सहकार्य गरी विद्यालय सुधार योजना कार्यान्वियन गरिने छ । साथै व्यास नगरपालिकामा "बाल बालिकासँग नगर प्रमुख, उपप्रमुख सम्बाद" कार्यक्रमलाई निरन्तरता दिइने छ ।

५२. नमूना विद्यालयको रुपमा छनौट भई भौतिक एवं शैक्षिक सुधारका विभिन्न पक्षको प्रगति गरिरहेका व्यास १ स्थित निर्मल मा.वि. र व्यास २ स्थित सत्यवती मा.वि.को थप सुधारका लागि सहजीकरण गरिने छ र ती विद्यालयहरुमा गरिएका प्रगतिहरुको अन्य विद्यालय सुधारमा अनुभव आदान प्रदानको व्यवस्था मिलाइने छ ।

५३. व्यास नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुको अत्यावश्यक भौतिक सुधारका कार्यहरु गरिने छ र विगत अवधिमा विभिन्न कार्यक्रममा दिइएको रकम पेश्की फछ्र्यौट नगर्ने विद्यालयहरुलाई थप सहयोग प्रदान गरिने छैन ।

५४. सामुदायिक विद्यालयमा कक्षा ६ सम्मका बालबालिकाहरुलाई संघीय सरकार अन्तर्गत खाजाको प्रबन्धलाई प्रभावकारी बनाई स्वास्थ्य बर्धक पोषणयुक्त खाजाको व्यवस्था मिलाइने छ, विद्यालयमा जंकफुडलाई पूर्णतः निषेध गरिने छ र खाजामा स्थानीय उत्पादनलाई बढवा दिइने छ ।

५५. नगरपालिका भित्रका धार्मिक विद्यालयहरु, मातृ भाषामा शिक्षा प्रदान गर्ने विद्यालयहरु तथा सामुदायिक सिकाई केन्द्रहरु सञ्चालन गर्न सहयोग पुऱ्याइने छ । साथै व्यास नगरपालिका भित्र रहेका विद्यालयहरुमा स्थानीय पाठ्क्रम र वेदव्यास सम्बन्धी अतिरिक्त पाठ्क्रम अध्यापन गराउने व्यवस्था मिलाइने छ ।

५६. "हाम्रो प्रतिभा हाम्रो गौरव" भन्ने विश्वासका साथ व्यास नगरपालिका भित्रका विभिन्न विधामा नगर क्षेत्र भित्रका विद्यार्थीहरु बीच प्रतिस्पर्धा गराई नगर स्तरीय उत्कृष्ट प्रतिभा छनौट गरी सम्मान एवं पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।

५७. व्यास नगरपालिकामा स्थायी बसोबास भई उच्च शिक्षा हासिल गरिरहेका विज्ञान प्रविधि एवं प्राविधिक शिक्षा लिने विपन्न र प्रतिभावान विद्यार्थीहरुलाई अनुसन्धान गर्ने कार्यमा र नगरपालिका भित्रका विद्यालय तथा क्याम्पसमा अध्ययनरत कक्षा ११ र १२ का विपन्न वर्गका छात्रछात्राहरुलाई अध्ययन गर्नका लागि प्रदान गरिने छात्रवृत्ति सहयोगलाई निरन्तरता दिइने ।

५८. व्यास नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुको गुणस्तर मापन गरी कार्यसम्पादनका आधारमा पुरस्कृत गर्ने गरी विज्ञ सम्मिलित "अनुगमन तथा मूल्यांकन समिति" निर्माण गरी गुणस्तर मापन पद्धतिको विकास गरिने छ । विद्यालयहरुको निरन्तर निरीक्षण, अनुगमन एवं शिक्षक सहायताका लागि जनशक्तिको व्यवस्था मिलाइने छ ।

५९. व्यास नगरपालिका भित्रका संस्थागत विद्यालयहरुको सञ्चालन र व्यवस्थापनमा नियमन, अनुगमन गरी स्तरीकरण गर्न र नेपाल सरकारले तोकेको न्यूनत्तम पारिश्रमिक नघट्ने गरी शिक्षक व्यवस्था गर्न सहजीकरण गरिने छ ।

६०. व्यास नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने उद्देश्यका साथ कार्यविधि समेत लागू भइसकेकोले बालमैत्री नगरपालिका घोषणाका लागि मापदण्ड अनुसारका कार्यहरु अघि बढाइने छ ।

६१. "ज्ञान नै समृद्धिको आधार" भन्ने मान्यताका साथ व्यास नगरपालिका भित्र अनुसन्धान सामग्री सहितको विशिष्ट कृतिहरुको संगालो भएको डिजिटल पुस्तकालय (Digital Library) स्थापना गरी उच्च शिक्षा तथा विद्यालय शिक्षा अध्ययन गर्ने विद्यार्थीलाई निशुल्क अध्ययन, अनुसन्धानको व्यवस्था मिलाइने छ ।

६२. व्यास नगरपालिका भित्रका बाल विकास शिक्षकहरु, कर्मचारीहरुको सेवा सुविधामा संघ, प्रदेश सरकारसँगको सहभागितामा थप सुविधा प्रदान गरिने छ ।

६३. व्यास नगरपालिका भित्रका संस्थागत विद्यालयहरुद्वारा लिइएको शुल्क र सामुदायिक विद्यालयहरुमा लिने गरिएको शुल्क सम्बन्धमा अध्ययन गरी कानुन बमोजिम नियमन गरिने छ । साथै सामुदायिक विद्यालयमा शुल्क लिने पद्धतिको अन्त गर्न आवश्यक शिक्षक दरबन्दी आन्तरिक श्रोतबाट क्रमशः व्यवस्थापन गरिने छ ।

६४. व्यास नगरपालिका भित्र बोलिने भाषिक अध्ययन अनुसन्धान गरी सबै भाषा, संस्कृति, ललित कला, प्राचिन, ऐतिहासिक स्थलहरुको संरक्षण सम्वर्द्धन गर्ने कार्यको व्यवस्थापन मिलाइने छ ।

६५. व्यास नगरपालिका भित्रका माध्यमिक विद्यालयहरुमा गणित तथा विज्ञान प्रयोगशालालाई व्यवस्थित गरिने छ । साथै विद्यालयको स्तरबृद्धि, बालबालिकाको आधारभूत शिक्षाको प्रत्याभूति हुने गरी विद्यालय तथा शिक्षक समायोजन प्रकृयालाई निरन्तरता दिइने छ । गणित, विज्ञान जस्ता विषयहरुमा गुणस्तर सुधारको प्रशिक्षणको व्यवस्था मिलाइने छ ।

६६. रुम टु रिड (Room to Read) सँगको सहकार्यमा व्यास नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा बालिका शिक्षा विस्तार गरी बालिकाहरुको स्वाभिमान र आत्मरक्षाका लागि विशेष कार्यक्रम ल्याइने छ ।

६७. व्यास नगरपालिकाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा ८ को अन्तिम परीक्षालाई यसै वर्षदेखि नगर स्तरीय लिइएकोमा आगामी वर्ष पनि निरन्तरता दिइने छ र आगामी वर्षदेखि कक्षा ५ को परीक्षालाई पनि नगर स्तरीय बनाइने छ ।

६८. व्यास नगरपालिका भित्र बसाई सराई र जन्मदर घटेका कारणले कतिपय विद्यालयहरुमा विद्यार्थी संख्या घट्दै गएको अवस्थाको विस्तृत अध्ययन गरी बालबालिकालाई गुणस्तरीय शिक्षाबाट बञ्चित नहुने गरी आवश्यक व्यवस्था मिलाइने छ । समायोजन हुने विद्यालयका भौतिक संरचनाहरुको वैकल्पिक प्रयोगका लागि स्थानीयसँग सहकार्य गरिने छ ।

६९. व्यास नगरपालिका भित्र कार्यरत, करार एवं राहत शिक्षकहरुको हरेक वर्ष कार्यसम्पादन मूल्यांकन गरी प्रत्येक वर्ष नियुक्तिको नवीकरण गर्ने व्यवस्था मिलाइने छ ।

७०. व्यास नगरपालिका भित्रका क्याम्पसहरु, संस्थागत र सामुदायिक विद्यालयका सबै बालबालिकाहरुको प्राथमिक स्वास्थ्य परीक्षण संघ, प्रदेश सरकारसँग सहकार्य गरी स्थायी प्रबन्ध वा नगरपालिकाको वडामा रहेका स्वास्थ्यका कर्मचारीबाट विद्यालयको क्षेत्र तोकी न्यूनतम १५ दिनमा एक पटक "बालबालिकासँग स्वास्थ्य कार्यकर्ता" कार्यक्रम लागू गरिने छ ।

७१. बालबालिकाको नगर र वडा सञ्जाललाई कृयाशील बनाई बालबालिकाका विविध पक्षमा निरन्तर सम्बाद गरी विद्यालयलाई बालमैत्री बनाउन सहयोग पुऱ्याइने छ ।

७२. व्यास नगरपालिका भित्र स्थापना भएको "व्यास नगर पुस्तकालय" लाई थप परिस्कृत गर्दै सञ्चालनमा निरन्तरता दिइने छ । जस अनुसार पुस्तकालयमा इलाइब्रेरी प्रवर्द्धन, नियमित छलफल कार्यक्रम, सिनेमा डकुमेन्ट्री प्रदर्शन, सृजनशील कार्यशाला, यूवा केन्द्रित ज्ञान सिप तालिमहरु जस्ता प्रभावकारी कार्यक्रमहरु सञ्चालन गर्दै यसलाई सबै धर्म परम्पराको अध्ययन केन्द्रका रुपमा समेत विकसित गर्दै लैजाने नीति अवलम्बन गरिने छ । बाल कल्याण भवन अन्तर्गत सञ्चालित पुस्तकालयलाई समेत नगरपालिका पुस्तकालयमा समायोजन गर्ने व्यवस्था मिलाइने छ ।

**स्वास्थ्य क्षेत्र :**

७३. कोभिड १९ को महामारीबाट प्राप्त अनुभवलाई मध्यनजर दिई व्यास नगरपालिकाले स्थापना गरेको व्यास १० दुम्सी बजार स्थित पि.सि.आर. प्रयोगशालालाई विस्तार गरिने छ। साथै निर्माणाधीन व्यास १० दुम्सी बजार स्थित व्यास नगर कोभिड व्यवस्थापन अस्पताललाई “व्यास नगर अस्पताल” मा परिणत गरी निर्माण सम्पन्न गरी आगामी वर्षदेखि उक्त भवन सञ्चालनमा ल्याइने छ। नगर अस्पतालको सेवा क्षेत्रलाई विस्तार गरिने छ।

७४. गण्डकी प्रदेश सरकार मातहत दमौली बजारमा रहेको दमौली अस्पतालको विस्तार एवं गुणस्तरीय सेवाका लागि सहकार्य गरिने छ। साथै जग्गा अभावले अस्पतालको थप सुधार हुन नसकेको हुँदा अस्पतालसँग जोडिएको कृषि ज्ञान केन्द्रलाई अन्यत्र स्थानान्तरण गरी कृषि ज्ञान केन्द्रको जग्गामा अस्पताल स्तरीकरण गर्न गण्डकी प्रदेश सरकारसँग पहल गरिने छ।

७५. व्यास ११ स्थित बाघेचौरमा तयार गरिएको गुरुयोजना अनुसार शिक्षण अस्पताल स्वीकृतिका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिने छ।

७६. गण्डकी प्रदेश सरकारसँग समन्वय गरी दमौली अस्पतालमा ट्रमा सेन्टर आँखा उपचार र डाइलासिस सेवालाई विस्तार एवं विश्वसनीय बनाउन सहकार्य गरिने छ।

७७. व्यास नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरुको सेवालाई स्तरीकरण गर्दै हरेक वडामा स्वास्थ्य स्वयंसेविकाहरुको सहयोगमा सरुवा रोग लगायतका संक्रमणबाट नगरवासीलाई सुरक्षित राख्न आवश्यक व्यवस्था मिलाइने छ। आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि अत्यावश्यक औषधी, स्वास्थ्य उपकरण तथा सामग्री आपूर्तिको व्यवस्था मिलाइने छ।

७८. व्यास नगरपालिका भित्र विपन्न परिवारको तथ्यांक लिई जटिल रोग लागेका विपन्न परिवारलाई दिंइदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिई संघ, प्रदेश सरकारसँग सहकार्य गरी अति विपन्न एवं अपांगताहरुको स्वास्थ्य बिमामा सहयोग पुऱ्याइने छ।

७९. व्यास नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला विस्तार गरिने छ र भौतिक सुधारमा निरन्तरता दिइने छ।

८०. व्यास नगरपालिका भित्रका जेष्ठ नागरिक, विपन्न नगरवासी र सुत्केरी महिलाहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने छ। स्वास्थ्य संस्थामा आई सुत्केरी हुने महिलालाई प्रोत्साहन खर्च उपलब्ध गराइने छ।

८१. व्यास नगरपालिका भित्रका जेष्ठ नागरिक, महिला, बालबालिकासँग सम्बन्धित आँखा, मुटुरोग, क्यान्सर लगायतका जटिल रोगहरुको नियन्त्रणका लागि राष्ट्रिय अन्तराष्ट्रिय सामाजिक संघ संस्थाहरुसँगको सहकार्यमा निशुल्क स्वास्थ्य शिविर गरिने छ। साथै आयुर्वेद पद्धतिसँग सम्बद्ध विविध कार्यक्रमलाई निरन्तरता दिइने छ।

८२. नगरपालिकाका स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको दरबन्दीको मूल्यांकन गरी समान तहका कर्मचारीहरुलाई सेवा अवधिको आधारमा तलब सुविधाको व्यवस्था गरिने छ। सेवा केन्द्र रहेका स्वास्थ्य संस्थाहरुलाई शहरी स्वास्थ्य केन्द्रमा परिणत गरिने छ।

८३. नगरपालिकाबाट समय समयमा गरिने एकीकृत घुम्ती शिविरहरुमा स्वास्थ्य शाखाको सकृय एवं व्यवस्थित सहभागिता गराइने छ।

**उद्योग क्षेत्र :**

८४. व्यास नगरपालिका भित्र सञ्चालित माटो, ढुंगा कटिङ उद्योग, चुन ढुंगा उद्योग, विभिन्न स्तरका इटा उद्योग, ढुंगा र काठजन्य उद्योग लगायतका अन्य उद्योगहरुको कानुन बमोजिम दर्ता, नियमन र अनुगमन गरी वातावरणमैत्री उद्योग सञ्चालन गर्ने कार्यमा सहयोग पुऱ्याई उद्योगमैत्री नगरपालिका स्थापनामा जोड दिइने छ।

८५. व्यास नगरपालिका वडा नं.५ को चिन्तुटार स्थित सार्वजनिक बगर जग्गालाई औद्योगिक ग्राम बनाउने कार्यमा संघ, प्रदेश सरकारसँग समन्वय गरिने छ ।

८६. "निजी क्षेत्र लगानीमैत्री" नगरपालिका निर्माण गर्न निजी साझेदारिता अवधारणा बमोजिम मानहुँ कोट, मादी नदी एकीकृत विकास आयोजना, नारेश्वर ताल निर्माण लगायतका योजनाहरुमा सहकार्य गर्ने कार्यक्रम ल्याइने छ । साथै निजी साझेदारी कार्यक्रमका लागि स्थानीय व्यवसायीहरुसँग विस्तृत अन्तरकृया गरी लगानीका लागि आवश्यक कार्य गरिने छ ।

८७. नेपाल सरकारको सशर्त कार्यक्रम अन्तर्गत यस नगरपालिकामा सञ्चालित मेड्पा, सामी, प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गरी उद्योग पर्यटन, श्रम तथा रोजगार शाखा अन्तर्गत नवप्रवर्तनीय "उद्यमशीलता परामर्श केन्द्र" सञ्चालन गरी उद्यमशीलता विकासमा सहयोग पुऱ्याइने छ । साथै यस्ता उद्यमीहरुबाट उत्पादित सामग्रीहरुको व्यापार मेला गर्ने व्यवस्था मिलाइने छ ।

८८. वैदेशिक रोजगारीबाट फर्किएका युवा उद्यमीहरुलाई व्यवसायिक प्रवर्द्धन एवं स्वरोजगार सृजना गर्न विभिन्न वित्तीय संस्थासँग समन्वय गरी नगरपालिका समेतको सहभागितामा व्यवसाय सञ्चालन अनुदान एवं सरल ऋण उपलब्ध गराउन सहयोग पुऱ्याइने छ ।

८९. नगरपालिकामा व्यवसाय दर्ता गर्न आउनेहरुलाई उद्योग वाणिज्य संघको सिफारिसमा व्यवसाय दर्ता गर्ने नीति लिइने छ ।

९०. उद्योग वाणिज्य संघ र टोल विकास संस्थासँग समन्वय गरी व्यवसाय कर, घर बहाल कर आदि उठाइने छ र त्यसरी उठेको व्यवसाय करको २० प्रतिशत रकम उद्योग वाणिज्य संघ र टोल विकास संस्थासँग परामर्श गरी नगर गाउँको सुरक्षा, सौन्दर्यता एवं सामाजिक कार्यमा खर्च गरिने छ ।

**व्यवस्थित बसोबास र भूमि व्यवस्थापन :**

९१. यस नगरपालिकामा भू-उपयोगको नीति अवलम्बन गर्दै नगरपालिका क्षेत्र भित्रको जमिनको प्रकृतिको आधारमा कृषि क्षेत्र, आवास क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, वन क्षेत्र र सार्वजनिक क्षेत्रहरुको नक्साङ्कन गरिने छ भने जग्गा खण्डीकरण गर्ने र जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ ।

९२. व्यास नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका एकीकृत जग्गा विकास परियोजना एवं निर्देशित जग्गा विकास कार्यक्रमलाई स्थानीयहरुसँगको सहभागिता एवं सहकार्यमा अगाडि बढाइने छ । हाल बैरेनी क्षेत्रको निर्माण कार्य अघि बढेको र शिशाघाट क्षेत्रको अध्ययन गर्ने कार्य अगाडि बढी रहेकोले उल्लेखित स्थानहरुको नमूना जग्गा विकास आयोजना सञ्चालनमा ल्याइने छ । यस कार्यमा नगर विकास कोष, राष्ट्रिय भूकम्प प्रविधि समाजसँग सहकार्य गरिने छ । बैरेनी जग्गा विकास अन्तर्गत जग्गाधनीहरुलाई अस्थायी पूर्जा वितरण गर्ने कार्य अघि बढाइएको छ ।

९३. व्यास नगरपालिका भित्रका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको तथ्याङ्क सङ्कलन भई निस्सा वितरण भइसकेको छ । २०८० पौष मसान्त भित्र आवश्यक प्रक्रिया पुरा गरी जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गरिने छ । साथै सार्वजनिक सरोकारका जग्गाहरु संरक्षण गर्ने अभियानमा नगरपालिका प्रतिबद्ध रहने छ भने खोला खोल्साहरुको मापदण्ड अनुसार संरक्षण गरिने छ ।

९४. व्यास नगरपालिकामा निर्माण हुने घरलाई बलियो घर निर्माण र बलियो वस्ती निर्माण गर्ने कार्यमा यस नगरपालिकामा घर निर्माण आचार संहिता लागु गरिएकाले त्यसमा निरन्तरता दिई दिनानुदिन तिब्रतर रुपमा बढ्दै गइरहेको शहरीकरणको कारण भइरहेको जग्गा खण्डीकरणको अवस्थालाई मध्यजनर गरी जग्गा पुनर्नापीका लागि संघ तथा प्रदेश सरकारसँग सहकार्य गरिने छ ।

९५. "कलात्मक र सम्पदामैत्री व्यास नगर" को अवधारणा अनुसार प्राचिन एवं परम्परागत शैलीका साँस्कृतिक पहिचान झल्कने घर निर्माणमा सहयोग गर्ने कार्यक्रम ल्याइने छ । पर्यटकीय एवं ऐतिहासिक महत्वका स्थलहरुको संरक्षण र सम्वर्द्धनका लागि कानुनको तर्जुमा गरिने छ ।

९६. नेपाल सरकारको निर्णयानुसार यस नगरपालिकाको कृषिक्षेत्र, गैरकृषिक्षेत्र, जग्गा वर्गीकरण गरिए तापनि अन्य वर्गीकरण बाँकी रहेकाले थप वर्गीकरण, जग्गा भूउपयोग अध्ययन प्रतिवेदन प्राप्त भएपछि पूर्णता दिइने छ ।

९७. व्यास नगरपालिका अन्तर्गतका महत्वपूर्ण बाटाहरुको लगत कट्टा गर्ने कार्य बाँकी रहेकोले गण्डकी प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी लगत कट्टा गर्ने कार्य अघि बढाइने छ ।

९८. व्यास नगरपालिका वडा नं.५ स्थित मानहुँकोटमा निजी क्षेत्र र स्थानीय जग्गाधनीहरुको सहकार्यमा मानहुँको व्यवस्थित वस्ती विकास कार्यक्रम अघि बढाइने छ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन :**

९९. व्यास नगरपालिका भित्र फोहोर मैला व्यवस्थापनका लागि जग्गा खरिद गरी वा छिमेकी पालिकाहरुसँगको सहकार्यमा सरसफाई केन्द्र स्थापना गरिने छ र पुन प्रयोगमा आउने सामानहरु बिक्री गरी आम्दानी गरिने गरी संघ, प्रदेश सरकार, निजी संघ संस्था, टोल विकास संस्थाहरुसँग समन्वय गरी आगामी वर्ष स्थायी समाधान गरिने छ ।

१००. व्यास नगरपालिका भित्रका जंगल तथा निजी, कवुलियती र सामुदायिक वनहरुको वैज्ञानिक व्यवस्थापन एवं उपयोग सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनले निर्दिष्ट गरेका विभिन्न कार्यक्रमहरुलाई नगरपालिकाको एकीकृत विकास अभियानमा समावेश गरी कार्यक्रम ल्याइने छ ।

१०१. नगरको प्राकृतिक सुन्दरता अभिबृद्धि गर्ने उद्देश्यका साथ तत्काल सडक किनारा, पार्क तथा खुल्ला स्थानको वातावरणीय स्वच्छता कायम हुने गरी कार्यक्रम सञ्चालन गरिने छ भने दीर्घकालीन रुपमा व्यास नगरलाई फुलैफुलको नगर बनाउन बहुउद्देश्यीय नर्सरी स्थापना गरिने छ ।

१०२. व्यास नगरपालिकालाई प्लाष्टिक शुन्य नगरपालिका बनाउन टोल विकास संस्थाहरुसँगको सहकार्यमा विशेष कार्यक्रम ल्याइने छ । २०८० मंसिर १ गतेदेखि व्यास नगरभित्र प्लाष्टिकको झोला प्रयोगमा प्रतिबन्ध लगाइने छ । वैकल्पिक व्यवस्थाका लागि नगरवासी र व्यवसायीहरुलाई प्रशिक्षित गरिने छ ।

१०३. व्यास नगरपालिकाका सबै वडाहरुमा रहेका सडकहरुको वर्गीकरण गरी सडक किनारामा हरियाली प्रवर्द्धन गर्नको लागि वृक्षारोपण गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गरिने छ । नगरको सुन्दरताको लागि एकरुपता कायम होस् भन्ने हेतुले सम्बन्धित विषयका विशेषज्ञको परामर्शमा नगरपालिकाबाटै बोट विरुवाहरु उपलब्ध गराइने छ भने यस्ता बोट विरुवाहरु जग्गाधनीहरुले नै उपयोग गर्ने गरी संरक्षण गर्ने कार्यक्रम ल्याइने छ ।

१०४. यस नगरपालिका क्षेत्रभित्र परम्परागत रुपमा रहेका चौतारी, पोखरी, कुवा, इनार, धारा, पाटी एवं पौवाहरुको संरक्षण तथा प्रवर्द्धन गरिने छ ।

१०५. नगरपालिका भित्रका विभिन्न स्थानहरुको जैविक विविधता (बायोडाइभरसिटि) को अध्ययन गरी संरक्षणको कार्यक्रम ल्याइने छ ।

१०६. व्यास नगरपालिका भित्र वातावरणमैत्री विकास आयोजनाहरु सञ्चालन गर्न कार्यविधि बनाइने छ र वातावरण प्रतिकुल असर गर्ने गरी सञ्चालनमा ल्याइने हेभी इक्वीपमेन्टहरुलाई निरुत्साहित गरिने छ ।

१०७. विपद् तथा जलवायु उत्थानशीलसँग सम्बन्धित विभिन्न ऐन, नियम तथा कार्यविधि बनाई लागु गरिने छ ।

१०८. व्यास नगरस्तरीय विपद् व्यवस्थापन केन्द्रलाई व्यवस्थित गरी सचेतनामूलक कार्यक्रमका साथै उद्दार कार्यको व्यवस्था मिलाइने छ । आपतकालीन कार्यसञ्चालन केन्द्रलाई स्तरोन्नति गरी संस्थागत गरिने छ ।

१०९. व्यास नगरपालिका भित्रका नदी खोलाको मापदण्ड कायम गरी नदी, खोला तथा मुहान संरक्षण र स्वच्छता सम्बन्धी कार्यक्रमहरु ल्याइने छ । यसका लागि आवश्यक कानुन बनाइने छ । व्यास १० अन्तर्गत निर्माण भइरहेको नारेश्वर ताल निर्माणबाट सिकेको पाठलाई अन्य सम्भावित वडाहरुमा विस्तार गरिने छ ।

११०. नगरपालिकामा कुहिने र नकुहिने फोहोरको श्रोत मानै वर्गीकरण गरी व्यवस्थित रुपमा सङ्कलन गर्ने कार्यलाई निरन्तरता दिइने छ भने कुहिने फोहोरलाई बायोग्याँस उत्पादन गर्न प्रयोग गरिने छ ।

१११. व्यास नगरपालिका भित्र निर्माण भएका र अब निर्माण हुने घरहरुलाई एकै रङ्गको पहिचान खुल्ने रङ्गरोगन गर्न सरोकारवालासँग समन्वय गरी लागू गरिने छ ।

११२. व्यास नगरपालिकाका बजार क्षेत्रमा व्यवस्थित बायोग्याँस सहितको पशुपंक्षी वधस्थलको सञ्चालन एवं व्यवस्थापन शुरु भइसकेकाले त्यस्को सुधार गर्दै स्वस्थ माछा, मासु उत्पादन एवं बिक्री वितरण कार्यलाई प्रभावकारी रुपमा व्यवस्थापन गरिने छ । साथै मासु पसलहरुको नियमन कार्यलाई नियमित एवं प्रभावकारी बनाइने छ ।

११३. अस्टज संरचनालाई (जल, जमिन, जंगल, जडिबुटी, जनशक्ति, जनावर, जराजुरी, जलवायु: आठ-ज) आत्मसात गर्दै प्रकृति, विकास र मानव शक्तिको सन्तुलन गर्ने गरी विकास अभियानलाई अघि बढाइने छ । परम्परागत पोखरी र आवश्यकतानुसार पोखरी निर्माण वा जलासय निर्माणका लागि अध्ययन गरिने छ ।

११४. नगरपालिकामा सञ्चालनमा आउने अवस्थामा रहेको व्यास नगरपालिका वडा नं.१३ कोइदिमघाट स्थित दिसा व्यवस्थापन केन्द्रलाई सञ्चालनमा ल्याइने र सेफ्टी ट्यांक सफाई अभियानलाई निरन्तरता दिइने छ ।

११५. व्यास नगरपालिका अन्तर्गतका नालाहरुलाई टोल विकास संस्थाको सहकार्यमा सफाई अभियान सञ्चालन गरिने छ । साथै दमौली बजार भित्र रहेको ग्याँस डिपोहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्दै प्रज्वलनशील वस्तुको व्यवसायलाई आवासीय क्षेत्रभन्दा बाहिर व्यवस्थापन गर्न सरोकारवालाहरुसँग समन्वय गरिने छ ।

११६. व्यास नगरपालिका भित्रका सामुदायिक वनहरु संविधान एवं स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको स्थानीय तहको वातावरण संरक्षणको अधिकार क्षेत्रको सिमा भित्र व्यवस्थापन गर्ने गरी आवश्यक नियमन गरिने छ । वन ऐनको व्यवस्थाका आधारमा सामुदायिक वनसँग समन्वय गरी गरिबी निवारणका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

११७. सबै वडाहरुमा रहेका सार्वजनिक संरचनाको संरक्षणका लागि वडा स्तरीय बजेटबाट सफाई र संरक्षणको व्यवस्था मिलाइने छ ।

११८. वातावरण र जलवायूमैत्री व्यवहार निर्माण गर्न व्यक्ति, घरधुरी, विद्यालय र टोल टोलमा फोहोर मैला व्यवस्थापन, व्यक्तिगत र सार्वजनिक जग्गामा वृक्षारोपण, जैविक पदार्थ (फोहोर, पराल, नल, ढोढ, प्लाष्टिक) डढाउने कार्य पूर्ण रुपमा बन्द गरिने छ ।

११९. स्थानीय स्तरमा जलवायु परिवर्तनका असर र जोखिम सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दा महिला सहभागिता सुनिश्चित गरिने छ ।

१२०. शहरी क्षेत्रका चोक र सडकहरुमा सौन्दर्यताको विविध कार्यक्रमलाई अघि बढाइने छ ।

१२१. सुरक्षित आश्रय स्थल, आकस्मिक उद्दार तथा उपचार सेवा जस्ता विपद् प्रतिकार्यको पूर्व तयारी र कार्यान्वयन गर्दा महिला र संकटासन्न व्यक्तिहरुको सहभागिता सुनिश्चित गरिने छ । साथै स्थानीय स्तरमा जलवायू अनुकुलन र जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरी पारदर्शीता र सुशासनका अभ्यासहरुलाई अनुशरण गरिने छ ।

१२२. प्राकृतिक विपद्का घटनाहरु बढिरहेको सन्दर्भमा विपद पूर्व तयारी, न्यूनीकरण, व्यवस्थापन र प्रतिकार्य नगर योजना एवं कार्यक्रमलाई प्रभावकारी ढंगले निर्माण गरी लागू गरिने छ । साथै नगरपालिकामा रहेका दमकल, एम्बुलेन्स, शव वाहनलाई स्तरीकरण सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

**युवा क्षेत्र :**

१२३. व्यास नगरपालिकाका युवाहरुको विभिन्न खेलप्रतिको अभिरुचीलाई व्यवस्थापन गर्न आवश्यक पूर्वाधार निर्माण गरिने छ । न्यूनतम एक वडा एक खेलकुद मैदानको अवधारणा अनुरुप फुटवल, भलिवल, क्रिकेट, व्याड्मिन्टन, टेवलटेनिस लगायतका खेलहरुको प्रवर्द्धनमा जोड दिइने छ ।

१२४. व्यास नगरपालिका अन्तर्गत विभिन्न पेशा, व्यवसाय, अध्ययन र अन्य क्षेत्रमा रहेका सामाजिक भावना बोकेका उत्साही युवाहरुलाई समेटेर व्यास नगरपालिका युवा परिषद्लाई निरन्तरता दिइने छ । नगरका सबै वडा, वर्ग, जातजाती, समूह र समुदायका १८ वर्षदेखि ३० वर्षसम्मका प्रतिभावान युवाहरुका बिचमा स्वस्थ प्रतिष्पर्धा एवं मूल्याङ्कनका आधारमा युवा परिषद्का सदस्यहरु हरेक वर्षका लागि चयन गरिने छ । युवा परिषद्ले युवाका चुनौति र अवसरका बारेमा नगरपालिकासँग निकट रहेर सार्वजनिक तथा सामुदायिक विकासका कार्यहरुमा सेवा र सहयोग पुऱ्याउने छ । युवाहरुको सरोकारका विषयमा युवा परिषद्ले सकारात्मक भूमिका निर्वाह गर्न नगरपालिकासँग सहकार्य गर्नेछ ।

१२५. युवाहरुलाई दूर्व्यसनबाट जोगाउन विद्यालय, टोल संस्था र स्थानीय प्रहरी कार्यालयसँग समन्वय गरी चेतनामूलक शिक्षा दिने र पुनर्स्थापनाको व्यवस्था मिलाइने छ ।

१२६. युवाहरुमा उद्यमशीलता विकास गर्न विभिन्न पेशा व्यवसाय गर्न इच्छुक युवाहरुलाई स्वरोजगारमूलक तालिमहरु सञ्चालन गरिने छ भने वैदेशिक रोजगारमा जाने र वैदेशिक रोजगारबाट फर्की आउने युवाहरुलाई आवश्यक परामर्श सेवा एवं उद्यमशील कार्यमा सहयोग पुऱ्याइने छ ।

१२७. वैदेशिक रोजगारीबाट फर्किएका र वेरोजगार युवाहरुको रोजगारीलाई प्रत्याभुत गर्न तालिम तथा विशेष अनुदानको व्यवस्था मिलाइने छ ।

१२८. व्यास नगरपालिका भित्रका प्रतिभावान युवाहरुलाई समाज परिवर्तनको मुल प्रवाहमा समाहित गराउँदै आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रको नेतृत्वदायी भूमिका निर्वाह गर्न उत्प्रेरित गराई यस नगरपालिकासँगको अपनत्व विकास हुने गरी कार्यक्रमहरु अगाडि बढाइने छ ।

१२९. व्यास नगरपालिका घर भई विदेशमा विभिन्न पेशा व्यवसाय गरी बस्ने गैर आवासीय युवाहरुको ज्ञान, सिप र लगानीलाई नगर विकास कार्यमा लगाउन उनीहरुसँग समन्वय र सहकार्य गरिने छ ।

१३०. युवा उद्यमशीलता, सिप विकास, युवा परिचालन, खेलकुद र मनोरञ्जन लगायत युवा लक्षित कार्यक्रमहरु ल्याइने छ ।

**खेलकुद क्षेत्र :**

१३१. नगरपालिका भित्र खेलिने फुटवल, भलिवल, व्याडमिन्टन, कराँते विधाका खेलकुद प्रवर्द्धनका लागि नगर स्तरीय खेलकुद समिति मार्फत दीर्घकालीन सोचका साथ विभिन्न क्लब, विद्यालय, क्याम्पस, वडा स्तरका प्रतिष्पर्धाहरु सञ्चालन गरिने छ । आवश्यकतानुसार खेल प्रशिक्षक नियुक्ति गरी विभिन्न खेलको प्रवर्द्धन गरिने छ ।

१३२. व्यास नगरपालिका भित्रका १८ वर्ष मुनिका बालबालिकाहरुलाई फुटवल लगायतका खेलहरुमा राष्ट्रिय अन्तराष्ट्रिय प्रतिष्पर्धामा जान सक्ने गरी खेलाडी उत्पादन गर्न प्रशिक्षणको व्यवस्था मिलाइने छ ।

१३३. अन्तर माध्यमिक विद्यालय राष्ट्रपति रनिङ शिल्ड, मेयर कप नगर स्तरीय खुल्ला फुटवल प्रतियोगिता, माध्यमिक विद्यालय स्तरीय उपमेयर कप छात्रा भलिवल प्रतियोगिता, मेयर कप खुल्ला व्याड्मिन्टन प्रतियोगिता लगायतका खेलहरु सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

१३४. मानहुँकोट-पुलिमऱ्याङ शहिद पार्क र व्यास गुफा-तनहुँशुरको खुला एवं महिला म्याराथन प्रतियोगितालाई मितव्ययी ढंगले सञ्चालन गर्ने गरी निरन्तरता दिइने छ ।

**पूर्वाधार निर्माण :**

१३५. वडाका निर्वाचित प्रतिनिधिहरुको उत्तरदायित्व बढाउँदै वडावासीहरुसँग प्रत्यक्ष सम्बन्ध स्थापित गर्नका लागि सहभागितात्मक योजना तर्जुमा प्रक्रियाद्वारा समावेशी र समानताका आधारमा सबै वडाका लागि सामाजिक न्यायपूर्वक वडाका प्रतिनिधिहरु मार्फत प्रत्येक वस्ती, टोल संस्थाको सहभागिता एवं परामर्शमा विकास आयोजनाहरु छनौट गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१३६. व्यास नगरपालिकालाई खरको छाना मुक्त नगरपालिका बनाइने गरी कार्यक्रम ल्याइने छ । साथै साँस्कृतिक महत्वका माटाका घरहरु संरक्षणमा साझेदारी कार्यक्रम ल्याइने छ ।

१३७. व्यास नगरपालिकाको योजनाबद्ध विकासका लागि पारित कानुन अनुसार विज्ञहरु सम्मिलित "व्यास नगर योजना आयोग" गठन गरिने छ ।

१३८. वडाबाट छनौट भई आएका योजना तथा कार्यक्रमहरु मध्ये ठूला प्रकृतिका पूर्वाधार विकासका आयोजनाहरुलाई नगर स्तरीय, प्रदेश स्तरीय र संघीय स्तरीय आयोजनामा समावेश हुने गरी कार्यक्रम ल्याइने छ । महत्वपूर्ण मार्गहरु, खानेपानीका आयोजनाहरु, खेल मैदानहरु, पर्यटकीय प्रवर्द्धनका पार्कहरु, निर्माण हुन बाँकी वडा कार्यालय भवनहरु निर्माण सम्पन्न गर्ने गरी पूर्वाधारका आयोजनाहरु सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ । सबै मौसमा चल्ने सबै वडा कार्यालयहरुसम्मका सडकहरुलाई क्रमश: कालोपत्रे गरिने योजनालाई निरन्तरता दिइने छ ।

१३९. नगरपालिकाबाट सञ्चालित योजनाहरुलाई व्यवस्थित तरिकाले सम्पन्न गर्न सबै वडाहरुमा प्राविधिकको व्यवस्थालाई निरन्तरता दिइने छ । नगरपालिकाबाट छनौट भएका ठूला विकास आयोजनाहरुलाई प्राथमिकतामा राखी निर्माण प्रकिया अगाडि बढाइने छ ।

१४०. यस नगरपालिका क्षेत्रमा नगर बस सञ्चालन गर्ने गरी नगर यातायात संजालको विकास एवं चक्रपथ निर्माणको लागि सम्भाव्यता अध्ययन गरी गुरुयोजना निर्माण गरिने छ ।

१४१. विकास आयोजनाहरुको सञ्चालनमा उपभोक्ताहरुको अपनत्व रहने गरी आयोजनाको प्रकृति र लाभान्वित जनसंख्याको आधारमा लागत सहभागितालाई न्यूनत्तम दश प्रतिशतदेखि ३० प्रतिशतसम्म रहने व्यवस्थालाई निरन्तरता दिइने छ ।

१४२. बृहद मादी भ्यालीको विकास परियोजना गण्डकी प्रदेश, संघीय सरकार, राष्ट्रिय तथा अन्तरार्ष्टिय लगानीकर्ताहरुको सहयोगमा अघि बढाइने छ । यसको लागि यस वर्ष लगानी सम्मेलनको आयोजना गरिने छ ।

१४३. व्यास नगरपालिकाको स्थायी आयबृद्धि गर्न, अव्यवस्थित पार्किङमा सहयोग पुर्‍याउन, एकीकृत शहरी विकास योजनामा प्रस्तावित एवं गुरुयोजना समेत भएको जिल्ला समन्वय समितिसँग सहकार्य गरी पृथ्वी राजमार्गतर्फ र सफा सडकतर्फ खुला रहने नगर विकास कोषसँग सम्झौता भई पुराना भवनहरु हटाई निर्माण प्रस्ताव गरिएको बहुउद्देश्यीय भवन निर्माण प्रकृया अघि बढाइने छ ।

१४४. शहरी क्षेत्रका चोक, सडक पेटी र जीर्ण सडकहरु सडक बोर्ड नेपाल, प्रदेश सरकारको सहयोगमा स्तरीकरण गरिने छ । साथै बजार क्षेत्रका सडकहरुमा ट्राफिक संकेत राख्ने व्यवस्था मिलाइने छ । व्यास २ मा रहेको गणेशमानको शालिक परिशर, बुद्धचोकको बुद्धको मूर्ति परिशर र व्यास ३ मा रहेको महर्षिचोकको महादेवको मूर्ति परिशरलाई दुर्घटना न्यूनीकरण गर्न अध्ययन गरी सानो पारिने छ । साथै व्यास २ गणेशमान पार्कमा भएको व्यवसायिक क्षेत्रलाई जिल्ला समन्वयसँग समन्वय गरी खुल्ला राख्न पहल गरिने छ ।

१४५. नगरपालिका क्षेत्र भित्रका काठे पोलहरु विस्थापन गरी स्टिलको पोलहरु व्यवस्थापन गर्ने र विद्युत नपुगेका घरहरुमा विद्युत पुर्‍याउने कार्यमा संघीय र प्रदेश सरकारसँग सहकार्य गरिने छ ।

१४६. खानेपानी व्यवस्थापन गर्दा लाग्ने विद्युत महशुलमा नगरपालिकाले सहभागिता गर्ने व्यवस्था मिलाइने छ ।

१४७. दमौली बजारमा जोडिने बुद्धसिं मार्ग, व्यास मार्ग, दमौली केशवटार मार्ग, माहेन्द्री मार्ग, पराशर मार्ग, बागेश्वरी मार्ग, मुक्तिनारायण मार्ग, सिन्धु मार्ग, कालिका मार्ग स्तरीकरण एवं वडा कार्यालय पहुँच मार्गहरुलाई प्राथमिकतामा राखी स्तरीकरण गर्न विशेष जोड दिइने छ । साथै यी मार्गहरु लगायत अन्य मार्गहरुको लगत कट्टा गर्ने कार्य अघि बढाइने छ ।

१४८. नगरपालिकाको एकीकृत विकास योजनाको आधार समेतमा तयार गरिएको आवधिक योजना अनुरुप विकास प्रकृयालाई अघि बढाइने छ । साथै एकीकृत एवं आवधिक योजनासँग वार्षिक योजनाको तादम्यता राखिने गरी मध्यकालीन खर्च संरचना लागू गरिने छ ।

१४९. नगरपालिका भित्रका कृयाशील टोल विकास संस्थाहरुलाई सहभागितात्मक विकास अभियानमा सरिक बनाउन सवलीकरणका कार्यक्रमहरु ल्याइने छ । साथै उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थाहरुमा प्रत्येक वडाबाट वार्षिक न्यूनत्तम एक टोललाई पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।

१५०. व्यास नगरपालिकाको शहरी क्षेत्रका व्यवसायिक एवं नगरवासीको सुरक्षाका लागि सि.सि. क्यामेरा जडान, मर्मत कार्यमा सहयोग पुऱ्याइने छ ।

१५१. व्यास नगरपालिका वडा नं.२, ३, ४ का सडकहरुलाई पहिचानको सहजीकरणका लागि सडक संकेत तय गरी लागू गरिने छ ।

१५२. मादी, साँगे, बुल्दी, छाब्दी, कलेस्ती, रिस्ती लगायतका नदी खोलाहरुले कटान गरेको वस्ती जग्गाहरुको संरक्षणका लागि संघ एवं प्रदेश सरकारसँग सहकार्य गरी तटबन्धनका कार्यहरु अघि बढाइने छ ।

१५३. व्यास नगरपालिकाको शहरीकरण विस्तारलाई मध्यनजर गरी बसपार्क, बाल उद्यान, व्यवस्थित रङ्गशाला समेतका लागि व्यास ३ स्थित मादी किनारमा रहेको भतेरी जग्गालाई कानुन बमोजिम अधिग्रहण गर्न संघ तथा प्रदेश सरकारसँग पहल गरिने छ ।

१५४. व्यास नगरपालिका भित्रका राष्ट्रिय, प्रदेश र स्थानीय स्तरका सडक, खानेपानी लगायतका पूर्वाधारको संरचनाहरुको संरक्षणको आवश्यक व्यवस्था मिलाइने छ । सडक गुरुयोजना निर्माण गरिने छ ।

१५५. यस नगरपालिकामा एक घर एक धाराको खानेपानी कार्यक्रमलाई पूर्णता दिन कार्य योजना बनाई लागू गरिने छ ।

१५६. व्यास नगरपालिका भित्र पृथ्वी राजमार्ग विस्तार निर्माण अभियान र नगरपालिका समेतमा सञ्चालित तनहुँ विद्युत परियोजनालाई समयमै सम्पन्न गर्न सहयोग पुऱ्याउने र ती संस्थाहरुलाई प्रभावित क्षेत्रका सामाजिक दायित्व लिन पहल गरिने छ ।

१५७. व्यास नगरपालिका भित्र शहरी क्षेत्र, धार्मिक र ऐतिहासिक क्षेत्रहरुमा उज्यालो पालिकालाई सार्थक बनाउन "टावर लाइट" एवं सोलार बत्तीको व्यवस्था मिलाइने छ ।

**सूचना र सञ्चार क्षेत्र :**

१५८. संघीय सरकारको सहयोगमा नगरपालिका भित्रका वडा कार्यालय, स्वास्थ्य संस्था र सामुदायिक माध्यमिक विद्यालयहरुमा निशुल्क इन्टरनेट सेवा प्रदान गर्न आवश्यक व्यवस्था मिलाइने छ । साथै प्रदेश सरकारको सहकार्यमा नवप्रवर्तनीय साझेदारी कार्यक्रम अन्तर्गत एकीकृत डिजिटल कार्यक्रम कार्यान्वयनमा ल्याइने छ ।

१५९. आम संचार सेवाको गुणस्तरीय र सर्वसुलभ पहुँचको लागि स्थानीय सञ्चार ऐन परिमार्जन गरिने छ भने कानून बमोजिम एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजीको व्यवस्था गरिने छ ।

१६०. नगरपालिकाको सेवा प्रवाहलाई थप गुणस्तरीय बनाउन र छिटो छरितो रुपमा सेवा प्रवाह गर्न नगरपालिकाको सबै वडाहरुलाई प्रविधिमैत्री गराउँदै नियमित सेवालाई अझ प्रभावकारी, भरपर्दो एवं विश्वसनीय बनाइने छ ।

१६१. स्थानीय स्तरमा प्रकाशन हुने पत्रपत्रिका, एफ.एम. रेडियो र टेलिभिजनहरुसँग नगरपालिकाको गतिविधि झल्कने गरी कार्यक्रम निर्माण, प्रकाशन र प्रशारण गरी नगरपालिकाको गतिविधि नगरवासीसम्म पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गरिने छ । साथै नगरपालिकाले प्रदान गर्ने सेवा सुविधाहरु र जानकारीमूलक सूचनाहरु मोवाइल एप मार्फत घर घरमा पुऱ्याइने छ ।

१६२. व्यास नगरपालिकामा नगरवासीका समस्या तथा गुनासो सुन्ने २४ घण्टा नै खुल्ला रहने गरी कलसेन्टरको व्यवस्था गरिने छ ।

१६३. नगर क्षेत्र भित्रका सञ्चार माध्यम र सञ्चारकर्मीहरुको हकहितका लागि पत्रकार महासंघ तनहुँको सहकार्यमा कार्यविधि निर्माण गरी निम्नानुसारका कल्याणकारी कार्यक्रमलाई निरन्तरता दिइने छ :

(क) नगर भित्रका सञ्चार माध्यमहरुको वर्गीकरण गरी कल्याणकारी विज्ञापन उपलब्ध गराइने ।

(ख) पत्रकारहरुको वृत्ति विकास गर्न पत्रकारितामा उच्च शिक्षा अध्ययनका लागि यस वर्ष १ जनालाई छात्रवृत्ति सहयोग उपलब्ध गराइने ।

(ग) नगरपालिकाको आर्थिक तथा पूर्वाधार विकास सम्बन्धी विषयमा समाचार सङ्कलन, रिपोटिङ्ग सम्बन्धी विशिष्ट तालिम सञ्चालन गर्न सहयोग पुऱ्याइने छ । हरेक वर्ष नगरपालिकाको समाचार प्रकाशनमा विशेष योगदान दिने १ जना पत्रकारलाई पुरस्कृत गरिने ।

१६४. कोरोना भाइरसको प्रभाव एवं आर्थिक मन्दीले दिएको चुनौतिका कारण हाम्रा विभिन्न पेशा, व्यवसाय लगायत अध्ययन, अध्यापन जस्ता कार्यमा इन्टरनेटमा आधारित व्यवसायीकरणमा सहयोग पुऱ्याइने छ । यस सन्दर्भमा नगरका व्यवसायिक, शैक्षिक, कृषि र अन्य क्षेत्रसँग सम्बन्धित संस्थाहरु र विज्ञहरुको सहभागितामा डिजिटल प्रविधिको उपयोग गरी स्थानीय बजार र व्यवसायलाई नगरभन्दा बाहिर विश्व स्तरसम्म विस्तार गर्न, अनुभवको आदानप्रदान गर्न, स्थानीय डिजिटल नक्सा निर्माण गर्दै कृषि र पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने कार्यमा युवाहरुको सहयोग लिइने छ ।

१६५. यस नगरपालिका अन्तर्गत अपाङ्गतामैत्री, बालमैत्री र लैङ्गिकमैत्री सञ्चार अभियानलाई थप प्रभावकारी बनाइने छ ।

१६६. व्यास नगरपालिकाका ऐतिहासिक, पुरातात्विक, भौगोलिक, पर्यटकीय एवं धार्मिक महत्व बोकेका स्थानहरुको डिजिटलाइज गर्ने व्यवस्था मिलाइने छ ।

१६७. व्यास नगरपालिकाको सेवाका विषयमा वार्षिक न्यूनतम ३ पटक सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरी नागरिक सम्वाद र सेवाको सेर्वेक्षण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

**न्याय तथा मध्यस्थता :**

१६८. संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रत्याभूत गरेको न्यायिक समिति र मेल मिलाप विधिलाई अझ स्तरीय एवं विश्वसनीय बनाइने छ । नगर स्तरीय मेल मिलाप समिति उपप्रमुखको संयोजकत्वमा गठन गरी लागू गरिने छ ।

१६९. न्यायिक समितिका पदाधिकारी सदस्यहरु र मध्यस्थकर्ताहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु ल्याइने छ । साथै हरेक वडाहरुमा मध्यस्थता विधिद्वारा मेल मिलाप गराई न्यायिक विश्वास र सुरक्षाको अनुभूति दिलाउन मेलमिलाप केन्द्रलाई क्रमशः थप व्यवस्थित गराउँदै लगिने छ ।

१७०. असहाय, जेष्ठ नागरिक, अपाङगता भएका व्यक्ति एवं बालबालिकाहरुको न्यायिक प्रकृयालाई निशुल्क सेवा प्रदान गरिने छ ।

**महिला क्षमता विकास :**

१७१. व्यास नगरपालिका भित्रका महिलाहरुको क्षमता विकास एवं सिप विकास गरी आत्म निर्भर बनाउनका लागि "उपप्रमुख महिला सिप विकास कार्यक्रम" सञ्चालन गरिने छ ।

१७२. “लैङ्गिक भेदभाव मुक्त व्यास नगर” बनाउन छोरी मात्र पाएर स्थायी बन्ध्याकरण गर्ने दम्पतिलाई छोरी २० वर्ष नपुग्दासम्म नगरपालिकाबाट लगाइने सम्पत्ति कर लगायतका सबै करमा २० प्रतिशत छुट दिइने छ ।

१७३. “आत्म निर्भर छोरी सशक्त व्यास नगर” अभियानमा छोरीको २० वर्ष पुगेपछि मात्र विवाह गर्ने दलित, आदिवासी जनजाति दुरा, बोटे, दराई, कुमाल, चेपाङको छोरीलाई सम्मान गर्दै त्यस्ता छोरीको अध्ययनमा सहयोग गरिने छ र २० वर्ष पुगेपछि मात्र विवाह गर्न प्रचार प्रसार एवं अभिमुखीकरण गरिने छ । हाल नगर भित्र भएका विवाहको उमेर र अवस्थाको बारेमा अध्ययन गरी प्रतिवेदन सार्वजनिक गरिने छ ।

१७४. नगरपालिका भित्र स्थायी बसोबास गर्ने विद्यालय तह (कक्षा १२) सम्म योग्यता हासिल गरेका विपन्न वेरोजगार महिलाहरुलाई उद्यमशीलता विकासका लागि अनुदान सहयोग प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

१७५. व्यास नगरपालिकामा स्वास्थ्य संकटमा रहेका विपन्न महिलाहरुलाई आर्थिक सहयोग प्रदान गरी जीवन रक्षामा सहयोग पुऱ्याइने छ ।

१७६. महिलाहरुद्वारा सञ्चालित सहकारीहरुलाई व्यवस्थित गर्ने कार्यमा सहजीकरण गरिने छ ।

१७७. “महिलासँग उपप्रमुख कार्यक्रम” अन्तर्गत गर्भवती महिलाहरुको पोषणका लागि सहयोग गरिने छ ।

१७८. व्यास नगरपालिकामा लैङ्गिक हिंसा निवारण कोष सञ्चालन गरिने छ र हिंसामा परेका महिलाहरुलाई कानुनी उपचारका लागि सहयोग एवं उनीहरुको सुरक्षा र संरक्षणको व्यवस्था मिलाइने छ ।

१८९. उच्च शिक्षा अध्ययन गर्ने आर्थिक रुपमा विपन्न रहेका छात्राहरुलाई छात्रवृत्ति उपलब्ध गराइने व्यवस्था मिलाइने छ ।

१८०. दलित, सिमान्तकृत लोपोन्मुख जाति एवं मुस्लिम समुदायका महिलाहरुलाई नेतृत्व विकास एवं सिप विकासका विभिन्न कार्यक्रम मार्फत सशक्तिकरण गरिने छ ।

१८१. व्यास नगरपालिकाका महिला जनप्रतिनिधिहरुको नेतृत्व र क्षमता विकास गर्नका लागि प्रशिक्षण, अवलोकन भ्रमण, अनुसन्धानात्मक गतिविधिहरु सञ्चालन गर्ने र अनुभव आदान प्रदान गर्ने कार्यक्रम ल्याइने छ ।

१८२. सबै शैक्षिक संस्थामा लैङ्गिकमैत्री शौचालय निर्माण तथा निशुल्क र गुणस्तरीय सेनीटरी प्याड वितरणलाई प्रभावकारी बनाउने किशोरीहरुलाई आत्म सुरक्षा तालिम सहित किशोर किशोरीहरुको नेतृत्व विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ ।

**जनजाति सहयोग कार्यक्रम :**

१८३. व्यास नगरपालिका भित्र बसोबास गर्ने सबै जात जनजातिहरुको अवस्था अध्ययन गरी मौलिक संस्कृतिलाई संरक्षण गरिने छ । त्यसका लागि लोपोन्मुख जाति, जनजाति, मुस्लिम र अन्य जातका साँस्कृतिक एवं जीवन उपयोगी सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुऱ्याइने छ । साथै सबै जातका जनजातिहरुको मौलिकता झल्कने गरी संग्राहलयहरु निर्माणमा सहयोग पुऱ्याइने छ । आदिवासी समुदायको परम्परागत र सामुदायिक संरचनाको सुदृढीकरण गरिने छ ।

१८४. लोपोन्मुख र अति सिमान्तकृत आदिवासी जनजाति समुदायको लागी निशुल्क स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी स्वास्थ्य सुरक्षाको प्रत्याभूति गरिने छ । साथै उच्च शिक्षा प्रदान गर्न सहयोग पुऱ्याइने छ ।

१८५. आदिवासी जनजातिहरुको भाषा तथा संस्कृतिको अध्ययन गर्न चाहने स्वतन्त्र अध्येता तथा अनुसन्धानकर्तालाई प्रस्तावनाका आधारमा सहयोग उपलब्ध गराइने छ । यस विषयमा शोध गर्न चाहने स्नातकोत्तर अध्ययनरत आदिवासी जनजातिका विद्यार्थीहरुलाई सहयोग उपलब्ध गराइने छ ।

१८६. आदिवासीहरुको परम्परागत पेशासँग सम्बन्धित व्यास नगरपालिका भित्रका नदी, खोलाहरुमा माछा वृद्धि गरिने छ र माछा मार्ने परम्परागत पेशा संकटमा परे पश्चात् दैनिक छाक टार्न समस्यामा परेका बोटे जातिका व्यक्तिहरुलाई विशेष सहयोग कार्यक्रम ल्याइने छ । खोला नदीमा माछाका भुरा छाडिने छ र विषादी वा करेण्ट प्रयोग गर्न निषेध गरिने छ ।

१८७. व्यास नगरपालिका भित्रका आदिवासी जनजातिको तथ्यांक लिई परम्परागत संस्कृति आदिको अध्ययन सहयोगका लागि उपप्रमुखको अध्यक्षतामा "व्यास नगर आदिवासी जनजाति सहयोग समिति" गठन गरिने छ ।

**दलित उत्थान कार्यक्रम :**

१८८. दलितका परम्परागत पेशालाई आधुनिकीकरण गरी उत्पादकत्व वृद्धिका लागि "दलितसँग नगर प्रमुख" कार्यक्रममा परम्परागत आरनहरुको आधुनीकीकरण, पञ्चै बाजा, नौमति बाजा र सिलाई पेशामा आवद्ध व्यक्तिहरुलाई तालिम एवं मेशिन खरिद अनुदान, छालाको काम गर्नेलाई मेशिन खरिद अनुदान तथा अन्य परम्परागत पेशामा अनुदान दिने व्यवस्था मिलाइने छ ।

१८९. समग्र दलितहरुको हक अधिकार सुरक्षित, परस्पर सद्भाव विकसित गर्न कानुनी प्रकृया पुरा गरी नगर प्रमुखको अध्यक्षतामा "व्यास नगर दलित सहयोग समिति" गठन गरिने छ । व्यास नगरपालिकालाई "दलितमैत्री" नगरपालिका बनाउन आवश्यक सबै व्यवस्था मिलाइने छ ।

१९०. नेपालको संविधान र कानुनी प्रावधान अनुरुप समाजमा हार्दिकता र सद्भावका लागि छुवाछुत र विभेदजन्य कुसंस्कारको अन्त गरी छुवाछुत मुक्त नगरपालिका स्थापित गरिने छ ।

**अपाङ्गता सहयोग कार्यक्रम :**

१९१. व्यास नगरपालिका भित्र बसोबास गर्ने दृष्टिविहिन, बहिरा, सुस्त अपाङ्गताहरुलाई जीवन यापनमा सहजीकरणका लागि सहयोग पुऱ्याइने छ ।

१९२. अपाङ्गता भएका व्यक्तिहरुको सम्मानजनक क्षमता विकास एवं अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याइने छ ।

१९३. हरेक वर्ष नगरपालिका भित्र बसोबास गर्ने अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांक अध्यावधिक गरी नेपाल सरकार, प्रदेश सरकारबाट सहयोग उपलब्ध हुन नसकेका (ग) वर्गका अपाङ्गताहरुलाई आर्थिक सहयोग वा स्वास्थ्य बिमाको व्यवस्था मिलाइने छ ।

१९४. विशेष क्षमताका बालबालिकाहरु अध्यापन गराउने विद्यालयहरुलाई अपाङ्गतामैत्री बनाउन सहयोग पुऱ्याइने छ ।

१९५. नगरपालिका भित्र निर्माण हुने सार्वजनिक प्रयोगका भवनहरु, मठ, मन्दिरहरुमा अपाङ्गतामैत्री संरचना निर्माणको व्यवस्था मिलाइने छ ।

१९६. व्यास नगरपालिका भित्रका अपाङ्ताहरुको तथ्यांक लिई उनीहरुको विशेषता अनुसार सहयोग गर्न गराउन अपाङ्ता श्रोत केन्द्रलाई संस्थागत गर्न सहयोग पुऱ्याइने छ ।

**जेष्ठ नागरिक सम्मान :**

१९७. व्यास नगरपालिका भित्रका जेष्ठ नागरिकहरुको तथ्यांक अध्यावधिक गरी उचित सम्मान र स्याहारको व्यवस्था मिलाइने छ । जेष्ठ नागरिक आश्रमहरुको अनुगमन गरी आवश्यक सुधारका लागि सहयोग पुऱ्याइने छ ।

१९८. नगरपालिका भित्र हरेक वडामा जेष्ठ नागरिक सम्बद्ध संघ संस्थाहरुसँग वर्षको २ पटक अन्तरक्रिया गरी आवश्यक सहयोगको वातावरण मिलाइने छ ।

२९९. जेष्ठ नागरिक अपाङ्गता, एकल महिला, दलितहरुलाई प्राप्त हुने सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली अन्तर्गत वितरण गर्ने व्यवस्था मिलाइने छ ।

२०० .५० वर्ष पुरा भएका सामाजिक सुरक्षा भत्ता प्राप्त नगरेका सन्तान विहिन वा वेसहारा विपन्न एकल महिला तथा पुरुषहरुलाई विशेष सहयोगको व्यवस्था मिलाइने छ ।

२०१. असहाय एवं परिवारबाट हेला भई जीवन गुजारा गर्न कठिन जेष्ठ नागरिकहरुको सम्मान र संरक्षणका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२०२. जेष्ठ नागरिकहरुको निशुल्क स्वास्थ्य सेवा एवं सम्मानका कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।

२०३. नगरपालिकामा दिवाकालीन जेष्ठ नागरिक मनोरञ्जन, अन्तरक्रिया, अनुसन्धानका विभिन्न कार्यक्रमहरुमा सहयोग पुऱ्याइने छ ।

**सुरक्षित वैदेशिक रोजगार व्यवस्थापन :**

२०४. व्यास नगरपालिका भित्र सुरक्षित वैदेशिक रोजगारका लागि नेपाल सरकार, प्रदेश सरकार समेतको सहभागितामा सञ्चालित सामी परियोजनालाई सशक्त बनाइने छ । साथै सामी परियोजना व्यास नगरपालिकामा आन्तरीकरण गरिसकिएको हुँदा यसलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

२०५. वैदेशिक रोजगारबाट फर्कनेहरुको तथ्यांक लिई उनीहरुको ज्ञान सिपलाई प्रयोग गरी रोजगारी सृजना गर्ने कार्यमा सहयोग पुऱ्याइने छ ।

**सुशासन र दक्ष जनशक्ति :**

२०६. व्यास नगरपालिकाले प्रदान गर्ने सेवा सुविधालाई प्रभावकारी बनाउन नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे (O & M Survey) बाट प्राप्त प्रतिवेदन परिमार्जन समेत गरी लागु गरिएको र पारदर्शीता एवं सुशासनको अवधारणा मुताविक यस नगरपालिकाद्वारा सञ्चालन गरिने विभिन्न योजना तथा क्रियाकलापहरुको खर्च प्रत्येक चौमासिकमा सार्वजनिक गर्ने व्यवस्था गरिने छ । नगरपालिकामा कार्यरत जनशक्ति तथा जनप्रतिनिधिहरुलाई विभिन्न विषयसँग सम्बन्धित तालिम एवं प्रशिक्षण दिइने छ भने अन्य स्थानीय तहहरुका असल अभ्यासहरुको अध्ययन एवं अवलोकनका लागि देशदर्शनका कार्यक्रमहरु तय गरिने छ । दीर्घ सेवामा रहेका कर्मचारीहरुलाई स्वच्छिक अवकासका लागि विशेष कार्यक्रम ल्याइने छ ।

२०७. नगरपालिकाबाट प्रदान गरिने सेवाहरुको कार्यान्वयनका लागि समय सिमा सहितको नागरिक वडापत्रलाई समयानुकुल परिमार्जन गरी कार्यान्वयनमा ल्याइने छ ।

२०८. नगरपालिकाले प्रदान गर्ने सेवा सुविधालाई गुणस्तरीय र प्रभावकारी बनाउन सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण एवं निर्वाचित जनप्रतिनिधिहरुसँग सम्वाद कार्यक्रम सञ्चालनमा ल्याइने छ । जनप्रतिनिधिलाई नगरवासीको सेवामा समर्पित हुने संस्कारको विकास गरिने छ ।

२०९. नगरपालिकाको विभिन्न शाखामा पूर्णरुपमा सफ्टवयर जडान गरी प्रभावकारी र मितव्ययी सेवा सुविधा प्रदान गर्ने गरी व्यवस्था मिलाइने छ ।

२१०. व्यास नगरपालिका भित्रका श्रमिक मजदुरहरुको तथ्यांक लिई श्रमिकहरुको आधारभूत हक अधिकारको संरक्षणका लागि न्यायिक समिति अन्तर्गत उद्योग, पर्यटन, श्रम तथा रोजगार शाखामा रहने गरी श्रम डेक्स स्थापना गरिने छ ।

२११. सबै टोल विकास संस्था, युवा क्लब लगायतका सामाजिक संघ संस्था मार्फत महामारी रोगको सचेतना र क्षमता विकासमा विविध कार्यक्रमहरु लागु गरिने छ ।

२१२. सम्पूर्ण विकास अभियानलाई लैङ्गिक समानता र समावेशी सामाजिकीकरणका आधारमा अघि बढाइने छ । साथै समुदायमा आधारित वित्तीय तथा स्वास्थ्य साक्षरता कार्यक्रम सञ्चालन गरिने छ ।

२१३. व्यास नगरपालिकाले सबै वडाहरुमा विभिन्न सेवाका घुम्ती शिविर सञ्चालन गरिने छ ।

**विविध :**

२१४. सबै धर्म र सम्प्रदायका व्यक्तिहरुले मृत्युपछि आ-आफ्नो धार्मिक परम्परा अनुसार अपनाइने अन्तिम संस्कारको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२१५. नगरपालिकाका जनप्रतिनिधिहरुलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन अवलोकन भ्रमण गराई नगरपालिकाको विकास अभियानमा अनुभव आदान प्रदान गर्ने कार्यक्रम ल्याइने छ।

२१६. व्यास नगरपालिका क्षेत्र भित्र व्यवस्थित पार्किङको व्यवस्था मिलाइने छ।

२१७. शहरी वडाहरुमा भएका नालाहरुबाट आएको पानीलाई सुद्धीकरण प्लान्ट स्थापना गर्नका लागि अध्ययन पुरा गरिने छ।

२१८. व्यास मार्गको वैकल्पिक निकासका लागि बैरेनीबाट माथिल्लो भेतरी हुँदै मादी नदीको पुलबाट बजार प्रवेश गर्ने र बुद्धसिं मार्गलाई करंकाठ बसपार्कमा जोड्नका लागि वैकल्पिक मार्गको निकासका लागि प्रदेश सरकारसँग समन्वय गरिने छ।

२१९. वर्तमान आर्थिक मन्दीको अवस्थालाई मध्यनजर दिई आ.व.२०७९।०८० का करका दरहरु घटाई करका दरमा हेरफेर गर्ने र आ.व.२०७८।०७९ सम्मको व्यवसाय कर, सम्पत्ति कर बुझाउन बाँकी हुनेहरुले २०८० पौष मसान्तसम्म बुझाएमा जरिबाना छुट दिने नीति लिइने छ।

२२०. व्यास नगरपालिका भित्रका शवदाह स्थलहरुलाई स्तरीकरण गर्दै विद्युतीय शवदाह गृह स्थापना गर्न विस्तृत अध्ययन गरी आवश्यक व्यवस्था मिलाइने छ।

२२१. व्यास नगरपालिका र स्थानीय दाताहरुको सहयोगमा निर्माण कार्य सम्पन्न भई सञ्चालन हुने अवस्थामा रहेका व्यास नगरपालिका भित्रका कृयापुत्री भवनहरुको प्रभावकारी सञ्चालनको व्यवस्था मिलाइने छ।

२२२. नगरपालिकाको एकीकृत विकासमा नगरपालिका भित्रका सबै टोल विकास संस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिने छ।

२२३. उपभोक्ता हित र संरक्षणका लागि उपभोग्य वस्तुहरुमा गुणस्तर कायम गर्ने, बजार मूल्यमा एक रुपता ल्याउने र अस्वभाविक मूल्यलाई नियन्त्रण गर्ने जस्ता कार्यलाई जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, खाद्य तथा गुणस्तर नियन्त्रण डिभिजन कार्यालय, उद्योग वाणिज्य संघ, राष्ट्रिय उपभोक्ता हित मञ्च, सञ्चारकर्मी, नागरिक समाज आदिको सहकार्यमा स्थानीय तहलाई प्राप्त अधिकार बमोजिम बजार अनुगमन एवं नियमन कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाइने छ।

२२४. लोकतन्त्र स्थापना र संबर्द्धन गर्ने अभियानमा सहादत प्राप्त गर्नुहुने शहिदहरु र ऐतिहासिक महत्वपूर्ण व्यक्तिहरुको सम्मानका लागि उहाँहरुको स्मृतिमा विभिन्न स्मारक, अध्ययन केन्द्र, मार्गहरु र अन्य विकास आयोजनाहरुको नामाकरण गरिने छ।

२२५. नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुलाई आन्तरिक प्रतिष्पर्धाको आधारमा कानुनी प्रावधान मिलाई स्थायी गर्न सम्बन्धित निकायमा पहल गरिने छ। साथै वृत्ति विकासमा सहयोग पुऱ्याइने छ।

२२६. सहकारी अभियानका जन्मदाता श्री वखान सिंह गुरुङको स्मृति रहने गरी व्यास ८ पुलिमऱ्याङमा रहेको पार्कलाई सहकारी संघसंस्थासँग सहकार्य गरी व्यवस्थित गरिने छ।

२२७. सहकारी संघ/संस्थाहरुको भौतिक क्षमता विकास नियमन प्रवर्द्धनमा संलग्न कर्मचारीहरु, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, सहकारी सदस्यहरुको तालिम, गोष्ठी, शिक्षा अनुभव आदान प्रदान लगायत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ।

२२८. सडक आश्रित, अभिभावक विहिन, हिंसा दूर्व्यवहार, शोषण (शारिरीक, मानसिक, यौन र श्रम शोषण) वेचविखन, बाल विवाह, मानसिक समस्या लगायतका कारणबाट जोखिम अवस्थामा रहेका बालबालिकाको उचित संरक्षण, पुनर्स्थापना, विकास, सिप शिक्षा र परिवारको जीविकोपार्जनलाई सम्बोधन गर्ने विशेष योजना कार्यक्रम ल्याइने छ। साथै सहयोगापेक्षी सडक मानवलाई मानव सेवा आश्रम स्थापना गरी व्यवस्थापन गर्न पहल गरिने छ।

२२९. लागू पदार्थ दूर्व्यसनी, लैङ्गिक हिंसा, जाती, भाषा, धर्म र लिङ्गका आधारमा हुने सबै प्रकारका हिंसा र विभेद विरुद्ध सचेतना अभियान सञ्चालन गर्दै बालबालिका शान्ति क्षेत्र हुन भन्ने कुरालाई आत्मसात गरी विद्यालयहरुमा राजनैतिक गतिविधिहरु प्रयोग गर्न नदिने वातावरण निर्माण गरिने छ ।

२३०. यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट संघीय लोकतान्त्रिक गणतान्त्रात्मक शासन व्यवस्थाप्रति नगरवासीको विश्वास बढ्ने, उत्पादन र उत्पादकत्व बृद्धि हुने, उद्यमशीलताको विकास हुने, सामाजिक न्यायपरक सन्तुलित विकास र सामाजिक विभेदको अन्त हुने अपेक्षा गरेका छु । नगरपालिकाको सुन्दरता, नगरवासीको सुख र समृद्धि एवं लोकतन्त्रका आधारभूत मूल्य मान्यताको सम्बर्द्धन गर्नका लागि यो नीति तथा कार्यक्रमले सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएको छु ।

२३१. अव्यवस्थित रुपमा रहेका मोटर ग्यारेज र ढुंगा कटिङ उद्योगहरुलाई व्यवस्थित गरिने छ ।

२३२. संक्षिप्तमा व्यासको केन्द्रीय भौगोलिक अवस्थितिलाई ध्यानमा राख्दै यस्का पूर्वाधार र सम्भावनाहरुलाई विकसित गर्ने र यस पालिकाका नगरवासीलाई समृद्ध, सुरक्षित, सुन्दर, सफा वातावरण निर्माण गरी “विविधतायुक्त गाउँशहर, समृद्ध मेरो व्यास नगर” को सोचलाई साकार पारिने छ ।

अन्तमा नगरपालिकाको विकास अभियानमा आग्रह पूर्वाग्रहबाट माथि उठी सङ्घीय सरकार, प्रदेश सरकार र वर्तमान तथा पूर्व जनप्रतिनिधिहरु एवं विज्ञहरुको अनुभव, परामर्श र सल्लाहलाई सदुपयोग गर्न नगरपालिका प्रतिवद्ध रहेको विश्वास दिलाउन चाहन्छु । यो नीति तथा कार्यक्रमलाई आत्मसाथ गर्दै सफल बनाउने कार्यमा सम्पूर्ण नगर सभासद्ज्यूहरु मार्फत नगरवासीमा हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ! जयनेपाल !!

वैकुण्ठ न्यौपाने
नगर प्रमुख
२०८०।३।१०